# बालबालिकाको शिक्षामा सहभागिता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर
तह (एम.एड.) दोश्रो वर्षको शिक्षा योजना तथा
व्यवस्थापन विषयको आंशिक आवश्यकता
परिपूर्तिको लागि प्रस्तुत

शोध-पत्र


शोधकर्ता
रामबहादुर सार्की
एम.एड. दोश्रो वर्ष
त्रि.वि.दर्ता नं. - ३८६२७-९०
क्याम्पस रोल नं. - ४७/०६५/०६६
परीक्षा रोल नं.- २०४००७६/०६७



कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुरुङ्गा, झापा
२०६९

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

नेपाल

☎: ०२३-५५०१३३
☎: ०२३-५५०८५३
फ्याक्स :०२३- ५५०८५६

मिति :-

विषय : सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका छात्र रामबहादुर सार्कीले **बालबालिकाको शिक्षामा सहभागिता** शीर्षकमा तयार पारिएको हो । उक्त शोधकार्यप्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : २०६९/१२/१५

..............................

मोहनप्रसाद ओली

शोध निर्देशक

कनकाई बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

☎: ०२३-५५०१२१ ख
☎: ०२३-५५०८५२
फ्याक्स :०२३- ५५०८५२

सुरुङ्गा, झापा
नेपाल

मिति :-

विषय : स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका छात्र रामबहादुर सार्कीले **बालबालिकाको शिक्षामा सहभागिता** शीर्षकमा तयार गरेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उप. प्रा. आशा शर्मा शिवाकोटी | विभागीय प्रमुख | ........ |
| २. | मोहनप्रसाद ओली | शोध निर्देशक | ........ |
| ३. | प्रा. हेमराज ढकाल | बाह्य परीक्षक | ........ |

मिति : २०६९/१२/२७

# मन्तव्य

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय अन्तर्गत कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, शैक्षिक योजना तथा व्यवस्थापन विभागमा शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि शोधपत्र तयार गर्ने सिलसिलामा झापा जिल्ला सुरुङ्गा गा.वि.स.का 'बालवालिकाको शिक्षामा सहभागिता' भन्ने विषय छनौट गरी यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो व्यस्त समयको बावजुत विभिन्न समस्या र अप्ठ्याराहरूलाई चिर्दै अघि बढ्न उत्प्रेरणा प्रदान गर्नु हुने तथा बौद्धिक एवं विषयगत रुपमा निरन्तर निर्देशन गर्नु हुने आदरणीय गुरु एवं शोध निर्देशक श्री मोहनप्रसाद ओलीज्यू प्रति असिम आभार तथा कृतज्ञता व्यक्त गर्दछु । यसरी नै शोधपत्र तयार गर्ने क्रममा मार्गदर्शन प्रदान गरी हौसला प्रदान गर्नु हुने आदरणीय क्याम्पस प्रमुख श्री टंकबहादुर कार्कीज्यू, विभागीय प्रमुख आशा शर्मा शिवाकोटीज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्रलाई अन्तिम तयारीमा पुऱ्याउन सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गुरुजनहरूप्रति श्रद्धा व्यक्त गर्न चहान्छु ।

अध्ययनको क्रममा आवश्यक सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने विद्यालयका प्र.अ. ज्यूहरू, शिक्षकज्यूहरू, सुरुङ्गा गा.वि.स.का कर्मचारीहरू, सार्की दलित, अन्य दलित र गैर दलित विद्यार्थी तथा तिका अभिभावकहरू, विभन्न संघ-संस्थाका पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, स्थानीय बुद्धिजीवीहरू लगायत अध्ययनसँग सम्बन्धित सहयोगी व्यक्तिहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

अन्तमा आफ्नो व्यवहारिक कठिनाइका बावजुत पनि मलाई यस कार्यमा हौसला प्रदान गर्नुहुने जीवन संगिनी इन्दिरा कौसिल, छोरा हिमशिखर कौसिल तथा छोरी सुपेक्षा कौसिल लगायत यस शोधपत्रलाई पूरा गर्न प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरू तथा कम्प्युटर टाइप सहयोग गर्ने एक्सीस हार्डव्येर एण्ड सफ्टव्येर का भाइ श्री रमेश चौहानप्रति आभार व्यक्त गर्न चहान्छु ।

रामबहादुर सार्की

# शोध सार

प्रस्तुत शोधपत्र “बालवालिकाको शिक्षामा सहभागिता” शीर्षक राखेर तयार गरिएको छ । यस अध्ययनको मूल उद्देश्य झापा जिल्ला सुरुङ्गा गा.वि.सका सामुदायिक प्राथमिक शिक्षामा दलित विद्यार्थीहरूको भर्नाको अवस्था, कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने अवस्था, शैक्षिक क्रियाकलापमा सहभागिताको अवस्था तथा यसलाई प्रभाव पार्ने कारण र तत्वहरूको पहिचान गरी प्राथमिक शिक्षामा दलित विद्यार्थीहरूको सहभागिता बृद्धि गर्न अवलम्बन गर्नु पर्ने उपायहरू सुझाउनु रहेको छ ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि गुणात्मक अनुसन्धानको ढाँचा प्रयोग गरी पूर्ण रुपमा सर्वेक्षण विधिमा आधारित भइ तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनको लागि उद्देश्यमूलक नमुना छनौट विधि र सामान्य संभावनायुक्त नमुना छनौट विधि पनि अपनाइएको छ । झापा जिल्ला सुरुङ्गा गा.वि.स. मा सञ्चालित ९ वटा सामुदायिक विद्यालयहरू मध्ये ३ वटा सामुदायिक विद्यालयहरू चयन गरिएको छ । गुणात्मक तथ्याङ्क संकलन गर्न विद्यार्थी अभिलेख फारम, प्रश्नावली, अन्तरर्वार्ता, छलफल, अवलोकन जस्ता साधनहरू प्रयोग गरी १२६ जना सरकोकारवाला उत्तरदाताहरूसँग प्रत्यक्ष साक्षात्कार गरिएको छ । यस अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय दुबै श्रोतको प्रयोग गरिएको छ । दलित विद्यार्थीहरूको सामुदायिक प्राथमिक शिक्षामा सहभागिता अध्ययन गर्न भर्नाको अवस्था, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने अवस्था तथा शैक्षिक क्रियाकलापमा सहभागिता सम्बन्धी तथ्याङ्कहरूलाई व्याख्या र विश्लेषण गरिएको छ । सहभागितामा प्रभाव पार्ने कारण र तत्वहरूको व्याख्या र विश्लेषण तथा सहभागिता बढाउने उपायहरू सुझाउन सैद्धान्तिक खाकाको रुपमा पाउल स्टोन र ली रायको सामाजिक जागरणको सिद्धान्त, हर्जवर्गको दुई तत्वहरूको सिद्धान्त र अगष्ट कम्टेद्धारा प्रतिपादित समाजशास्त्रीय सिद्धान्त संरचनात्मक कार्यवादलाई आधार मानिएको छ ।

अध्ययन गरिएका सामुदायिक प्राथमिक विद्यालयमा दलित जातिका घरधुरीहरू कम भएको पाइएता पनि दलित विद्यार्थीहरूको भर्ना अन्य दलित तथा गैर दलित विद्यार्थीहरूका

तुलनामा न्यून रहेको पाइएको छ । सामुदायिक प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूले कक्षा छाड्ने दर र कक्षा दोहोर्‍याउने अन्य समुदायका विद्यार्थीहरू भन्दा बढी नै पाइयो । गृहकार्य गर्ने, कक्षामा ध्यान दिएर सुन्ने, शिक्षकले सोधेका प्रश्नहरूको उत्तर दिने, शिक्षकलाई प्रश्न गर्ने, साथीहरूसँगको सम्बन्ध, अतिरिक्त क्रियाकलाप, अनुशासन, छलफलमा सरिक हुने, व्यक्तिगत सरसफाई जस्ता शैक्षिक क्रियाकलापमा जातिका विद्यार्थीहरूको सहभागिता अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा कमजोर रहेको पाइयो । दलित विद्यार्थीहरूको सामुदायिक प्राथमिक शिक्षामा न्यून सहभागिता मुख्य कारण र प्रभाव पार्ने तत्वहरूमा कमजोर आर्थिक अवस्था, जनचेतनाका कमी, सामाजिक विभेद र हिन भावना, पारिवारिक पृष्ठभूमि, पर्याप्त शैक्षिक सामाग्रीको अभाव, सरकारको दलित शैक्षिक नीति कार्यान्वयन, परम्परागत व्यवसाय, कमजोर विद्यार्थीहरूलाई शिक्षकले वेवास्ता गर्नु पाइएको छ ।

प्राथमिक शिक्षामा दलित विद्यार्थीहरूको सहभागिता बृद्धि गर्न दलित समुदायको आर्थिक स्थितिमा सुधार गर्नु, सार्की दलितहरलाई अनौपचारिक शिक्षाको माध्यमबाट प्रौढ शिक्षा दिनु पर्ने, शिक्षाको महत्व बुझाउनु पर्ने, सरकारले संस्थागत विद्यालयबाट उठाइएको शिक्षाकर तथा आयकरबाट सार्की दलित “शिक्षा कोष” खडा गरी दलित विद्यार्थीहरूको आधारभूत आवश्यकता पूरा गर्दै प्राथमिक विद्यालयमा अध्ययन गर्ने दलितलाई खाना, खाजा, पूर्ण निःशुल्क लत्ता कपडा, किताब, कापी, पेन्सिल, खेलकुद सामाग्री, शैक्षिक सामाग्री प्रदान गर्ने, दलित प्रतिको सामाजिक विभेद अन्त्य गर्नुपर्ने, दलितहरूको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गरिनु पर्ने तथा दलितहरूको आत्म सम्मान र आत्म स्वाभिमान उच्च बनाउने वातावरण विद्यालय, समाज र सरकारले सिर्जना गर्नु पर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

# विषय सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| सिफारिस पत्र | | क |
| स्वीकृति पत्र | | ख |
| मन्तव्य | | ग |
| शोधसार | | घ |
| विषयसूची | | च |
| तालिका सूची | | झ |
| | परिच्छेद एक : परिचय | १-१० |
| अध्ययनको पृष्ठभूमि | | १ |
| समस्याको कथन | | ५ |
| अध्ययनको औचित्य | | ६ |
| अध्ययनको उद्देश्य | | ७ |
| अनुसन्धानात्मक प्रश्नहरू | | ८ |
| अध्ययनको परिसीमा | | ८ |
| शब्दावलीको परिभाषा | | ९ |
| परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा | | १०-१५ |
| सम्बन्धित साहित्यको पुनरावलोकन | | १० |
| सैद्धान्तिक खाका | | १३ |
| शैक्षिक उपादेयता | | १४ |
| | परिच्छेद तीन : अनुसन्धान विधि | १६-२१ |
| अनुसन्धानात्मक ढाँचा | | १६ |
| जनसंख्या र नमुना | | १७ |
| जनसंख्या | | १७ |
| नमुनाको आकार | | १७ |

नमुना छनौटको विधि १७
अनुसन्धानका साधनहरू १८
अभिलेख फारम १८
प्रश्नावली १८
अन्तर्वार्ता १८
छलफल १९
अवलोकन १९
तथ्याङ्कका स्रोतहरू १९
तथ्याङ्क संकलन प्रक्रिया २०
तथ्याङ्क विश्लेषण प्रक्रिया २०

परिच्छेद चार : नतिजाको छलफल २२-५०
सार्की दलित, अन्य दलित र गैर दलित बालवालिकाको शैक्षिक सहभागिताको स्थिति २२
प्राथमिक विद्यालय उमेरका सार्की दलित विवरण २३
सार्की बालवालिका अध्ययन गर्ने विद्यालय र विद्यार्थी विवरण २४
प्राथमिक विद्यालय उमेरका बालवालिकाको भर्ना विवरण २५
बालवालिकाहरूको उपस्थिति २७
बीचैमा कक्षा छाड्ने र दोहोऱ्याउने अवस्था ३२
शैक्षिक क्रियाकलापमा विद्यार्थीको सहभागिता ३४
बालवालिकाको शैक्षिक सहभागिता न्यून हुनका कारण र प्रभाव पार्ने तत्हरू ३८
अभिभावकको आर्थिक अवस्था ४१
जनचेतनाको कमी ४२
सामाजिक संरचना ४२
पारिपारिक पृष्ठभूमि ४४
शैक्षिक सामग्रीको उपलब्धता ४४
दलितप्रति सरकारको दृष्टिकोण ४४
परम्परागत व्यवसाय ४६
विद्यार्थीप्रति शिक्षकको दृष्टिकोण ४७

सहभागिता बढाउने उपायहरू ४८

परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू ५१-५६

निष्कर्ष ५१

सुझावहरू ५२

नीतिगत सुझावहरू ५३

अभ्यासगत सुझावहरू ५४

अनुसन्धानात्मक सुझावहरू ५५

**सन्दर्भ सामाग्री**

**अनुसूचीहरू**

# तालिका सूची

पेज नं.


| | | |
|---|---|---|
| तालिका | १ : अध्ययन गर्ने विद्यालय र विद्यार्थी विवरण | २५ |
| तालिका | २ : प्राथमिक उमेर बालवालिका भर्ना विवरण | २६ |
| तालिका | ३ : बालवालिकाहरूको कक्षा उपस्थिति जेठ २०६९ | २८ |
| तालिका | ४ : बालवालिकाको कक्षा उपस्थिति असार २०६९ | २९ |
| तालिका | ५ : बालवालिकाको कक्षा उपस्थिति भाद्र २०६९ | ३० |
| तालिका | ६ : तीनवटै विद्यालयको समग्र उपस्थिति विवरण | ३१ |
| तालिका | ७ : बालवालिकाको कक्षा छाड्ने दर | ३२ |
| तालिका | ८ : बालवालिकाको कक्षा दोहोऱ्याउने दर | ३३ |
| तालिका | ९ : शैक्षिक क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता | ३५ |
| तलिका | १० : बालवालिकाहरूको शैक्षिक सहभागिता न्यून हुनका कारण र प्रभाव पार्ने तत्वहरू | ४० |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकासक्रम सँगसँगै शिक्षाको पनि विकास भएको पाइन्छ। शर्माका अनुसार "गुणस्तरीय जीवन, गुणस्तरीय समाज र समुन्नत राष्ट्र विकासको आधारशीला हो। मुलुकको भावी आर्थिक उन्नत्तिको ढोका अर्थात राष्ट्रिय विकासको मेरूदण्डको रूपमा शिक्षालाई लिने गरिएको छ। (शर्मा, २०५८) शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो। मानव जीवनलाई सार्थक बनाइ प्रगतिपथमा लम्कन शिक्षाको आवश्यकता दिनानुदिन बढिरहेको छ। मानव जीवनको परिचायकको रूपमा रहँदै आएको शिक्षा दार्शनिकहरूले समयानुसार आ-आफ्नै महत्वपूर्ण विचारहरू अघि सारेर शिक्षालाई एक छुट्टै विधाको रूपमा विकास गर्न सहयोग पुऱ्याएको पाइन्छ। यस क्रममा दार्शनिक प्लेटोले समाजलाई विभिन्न वर्गमा बाँडेर आर्दश राज्यको परिकल्पना गरी शिक्षाको व्याख्या गरे। एरिस्टोटलले शिक्षणका आगमन र निगमन विधिको व्याख्या गरे। यसरी तल्लो वर्गको क्षेत्रमा शिक्षाको पहुँच हुनुपर्छ भन्ने देखिन्छ। ओटावे, अगष्त कम्टे, फेडरिक टेलर, रूसो, फ्रोवेल, मण्टेश्वरी, जोन डिवे आदि जस्ता अनेकौं दार्शनिकहरूले आफ्ना क्रान्तिकारी विचारहरू अघि सारेर शिक्षालाई एक छुट्टै विधाको रूपमा विकास गर्न महत्वपूर्ण सहयोग पुऱ्याएका छन् (शर्मा, २०६६:५)।

नेपाल एक बहुजाती, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो। हाम्रो देश नेपाल विश्वमानचित्रमा जति सानो छ तर भाषा र संस्कृतिमा त्यत्तिकै विशाल छ। पृथ्वीनारायण शाहको भनाइ थियो "नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो" यस साझा फूलबारीका सबै फूलहरूले समानरूपमा मलजल पाइ समानरूपमा हुर्कन पाउन सबैको हक अधिकार हो। तर पनि साझा फूलबारीभित्र समान रूपमा मलजल नपाई फुल्न नसकेको जाति मध्ये दलित वर्ग भित्रको "दलित" जाति पनि एक हो। दलित जाति शैक्षिक, आर्थिक, सामाजिक, राजनैतिक पक्षहरूमा निकै पछि परेको जाति देखिन्छ। (पाण्डेय, २०६३ : ६४)

परम्परागत रूपमा दलित समुदायले कुनै पनि शिक्षालयमा गई शिक्षा आर्जन गर्न पाउँदैन थिए । कथित पानी नचल्ने भनी भनिएका जातिहरूको मुख्य काम केवल माथिल्लो जातिको सेवा गर्नु मात्र रहेको थियो । जस अनुसार लुगा सिलाएर, गरगहना बनाएर, सरसफाई गरेर, गीत/सङ्गीत मार्फत मनोरञ्जन दिएर उनीहरूले समाजलाई सेवा पुऱ्याइरहन्थे । यस्ता आधारभूत सेवाहरू गर्नको लागि सामाजिक नियम बनाइएको थियो, जस अनुसार यी सेवाहरूमा दलित समुदाय पनि निपुण बन्दै गए । शारीरिक श्रममा मात्र उनीहरू तल्लिन भएपछि मानसिक विकास कम भयो । राजनीतिक, ऐतिहासिक, विज्ञान आदिबाट बञ्चित गराउँदै गए ।  परिणामस्वरूप आजसम्म पनि दलित समुदायको शिक्षामा पहुँच कम रहेको छ ।

नेपालको विद्यालयीय शिक्षा छुत-अछुतको विभेदले दलितहरूलाई सबै भन्दा पछाडि पारेको छ । हाम्रो देशमा स्कूले शिक्षाको विकास समाजमा माथिल्लो स्थान ओगटेर बसेका शक्तिशाली र अल्पसङ्ख्यक समूहले गरेका थिए । सरकारी सेवा प्रवेशको मुख्य माध्यम विद्यालय शिक्षानै भएको र यसमा आफ्नो पहुँच थमाइ राख्न पनि सुरूदेखिनै स्कूले शिक्षामा माथिल्ला वर्गको हैकम रहिरहयो । शासन व्यवस्थासँग निकट रहन र त्यसबापत आउने वा आउन सक्ने अनेक किसिमका वैद्य, अवैद्य, विशेष सुविधा, अधिकार, साधन श्रोत माथिको आफ्नो पहुँच कायम राखी राख्न स्कूले शिक्षा अनिवार्य छ भन्ने माथिल्लो जातकाले बुझेका थिए । तर यो कुरा दलित वर्गले नेपालमा शिक्षाको औपचारिक सुरूवात भएदेखिनै बुझ्न सकेनन । जुन कारणले गर्दा  आफ्ना केटाकेटीलाई विद्यालय पठाउन दलित वर्ग कहिल्यै सक्रिय भएनन् । (कोइराला, खड्का र बराल, २०६३ : १३४)

दलित जातिहरू जो हिन्दु धर्मको वर्ण विभाजन अनुसार शुद्र जातिमा परे । तिनीहरूले राम्रो लाउनु, मिठो खानु, शिक्षा-दिक्षा प्राप्त गर्नु अधर्म, अपवित्र हुन्थ्यो (पाण्डेय २०६४ : ८०) महर्षि वशिष्ठले भनेका छन्- "शुद्रलाई कुनै प्रकारको शिक्षा दिनु हुँदैन" (उही लेखक) यसरी हजारौ वर्षदेखि शोषित, पीडित र अपहेलित दलित तथा अन्य दलित जातिहरू राष्ट्रिय स्तरका हरेक मुद्दामा पछि परेका छन् । उनै शोषित, पीडित व्यक्तिका उत्थान तथा राष्ट्रका हरेक पक्षमा समान पहुँच पुऱ्याउन प्रयास नभएका होइनन् । तर सबै प्रयासहरू मिथ्या साबित भएका छन् । राष्ट्रको विकास तीब्र गतिमा लैजान साक्षरताको

ज्यादै महत्वपूर्ण स्थान रहन्छ । कुनै पनि राष्ट्र, समाज, जाति र समुदायको विकास वा पछौटेपनको अवस्थाको मापनको आधारनै शिक्षा हो । शिक्षाबाट बञ्चित भएको अथवा पछाडि परेको समाज वा राष्ट्रको विकास सम्भव छैन । मधुसुधन पाण्डेयका अनुसार नवौं योजनामा साक्षरता प्रतिशतलाई ७०% मा पुऱ्याउने लक्ष्य लिएको थियो जुत बेला कामी (विश्वकर्मा) को २६.८८%, दमाई (परियार) को २८.९१% र दलित (मिजार) को २५.०९%, मात्र थियो । यसरी यी दलितहरू मध्ये दलित दलितको कमै साक्षरता % छ । दलितहरूको बसोवास कुनै खास जिल्ला, बस्ती रहेको पाइँदैन् । उनीहरू नेपाल अधिराज्यभरका सबै जिल्लाहरूमा छरपष्ट भएर रहेका पाइन्छ । शिक्षा मानवको आधारभूत आवश्यकता हो । सन् १९९० मा थाइल्याण्डको जोमटिनमा सबैको लागि शिक्षामा नेपालले पनि प्रतिबद्धता जनाइसकेको छ । तर दलित जातिहरू यस तथ्याङ्कको तुलनामा ज्यादै न्यून साक्षर छन् ।

नेपालका अधिकांश दलितहरू शिक्षाको मूलधारमा समाहित हुन सकेका छैनन् । सीमित संख्याका व्यक्तिहरू स्नातक र स्नातकोत्तर उपाधी लिएका छन् । तर अधिकांश दलित जातिहरू औँठा छापमा निर्भर छन् । शिक्षा लिनलाई विद्यालय भर्नाको अवसरनै नपाएका र पाएर पनि विद्यालय नियमितका साथै कक्षा उत्तीर्ण हुन नसकेका वा तह पार गर्न नसकी कक्षा छाडेका वा शैक्षिक उन्नत्ति गर्न सकेका छैनन । यसर्थ उनीहरू शिक्षाका क्षेत्रमा पिछडिएका छन् । (राष्ट्रिय जनगणना २०५८) जसको फलस्वरूप सामाजिक, राजनैतिक, आर्थिक र प्रशासनिक क्षेत्रमा आफ्नो स्थान कायम राख्न नसकेको अवस्था छ।

दलित बालवालिकाको शैक्षिक सहभागिता विद्यालय भर्ना कम हुनु, कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर बढी हुनुमा उनीहरूको अभिभावकको शैक्षिक पछौटेपनाले ठूलो प्रभाव पारेको छ । उनीहरूको बसोवास प्राय गरेर पहाडी र हिमाली क्षेत्रमा पाइन्छ । त्यो पनि पातलो बस्तीको रूपमा पाइन्छ र तराई क्षेत्रका जिल्लामा भने पश्चिममा भन्दा मध्य तथा पूर्वीय क्षेत्रमा अलिबढी छरपष्टिएर बसोबास गरेको पाइन्छ । यी सबै क्षेत्र जहाँ सर्वसुलभ विद्यालय शिक्षा उपलब्ध नहुनु, विद्यालय भए पनि शिक्षक नहुनु, शिक्षक भए पनि विद्यालय अनुगमन र निरीक्षण कमिका कारण शिक्षकहरूले विद्यालय सञ्चालन प्रभावकारीरूपमा नगर्नु र सञ्चालनका समयमा पनि कर्तव्यनिष्ठ भई आफ्नो जिम्मेवारी निर्वाह नगर्नु,

अभिभावकमा बालवालिकालाई शिक्षामा लगानी गर्नलाई उत्प्रेरित नहुनु, शिक्षाको महत्वबोध नहुनु, जातीय भेद्भाव हुनु आदि कारणले दलितहरू शिक्षामा पिछडिएको पाइन्छ ।

दलित जातिहरू दमाई, कामी, दलित, गाइने, सुनार तथा वाधीहरू मध्ये प्राथमिक तहमा दलित जातिका दलित बालवालिकाको सहभागिता बारेमा अध्ययन गरियो । शिक्षाको अवसर बालवालिकाको पहुँचमा नहुनु, शिक्षाप्रति सकारात्मक धारणाको कमी, भौगोलिक विकटता, जातीय छुवाछुत आदि कारणले प्राथमिक तहका धेरै बालवालिकाहरू विद्यालय बाहिर छन् । भर्ना भएका केही बालवालिकाहरू बीचैमा विद्यालय छाड्ने, थोरैले मात्र तह पूरा गर्दछन र पूरा गर्नेको शैक्षिक उपलब्धि पनि न्यून छ । यो अवस्थामा पुऱ्याउने मुख्य भूमिका भने दलित जातिमा छ ।

दलित वर्गका बालवालिकाहरू शिक्षाको मूल धारमा समावेश हुन कठिन परिरहेको अवस्थामा दलित जातिका बालवालिका अझ बढी शिक्षाको क्षेत्रबाट टाढा रहेका छन् । यस सन्दर्भमा उनीहरूलाई शिक्षाको मूल धारमा ल्याउनका लागि पनि यी जातिका विषयमा खोजी गर्न आजको आवश्यकता हो । यही सन्दर्भमा यी जातिको विषयमा खोजी पनि कम भएको र शिक्षामा यिनीहरूको पहुँच बृद्धि गरी EFA को लक्ष्य साकार गर्न पनि आवश्यक भएकाले यो अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

सन् २००० अप्रिलमा सेनेगलको डकारमा सम्पन्न सम्मेलनले सन् २०१५ सम्ममा “सबैका लागि शिक्षा” भन्ने मूल उद्घोष पारित गऱ्यो । उक्त घोषणालाई नेपालले पनि अङ्गिकार गरेको छ । अझै पनि प्राथमिक विद्यालय उमेरका ८९.७ प्रतिशत बालबालिका मात्रै प्राथमिक विद्यालयमा सहभागी हुन सकेका छन् र १०.३ प्रतिशत बालवालिहरू प्राथमिक शिक्षाको अवसरबाट बञ्चित रहेका छन् (भेटुवाल, २०६६ : ६) । यस तथ्याङ्कमा महिला, दलित, जनजातिलाई एकमुस्ट रूपमा समेटिएको छ तर महिला, दलित, जनजातिको स्थान अझ धेरै पछाडि परेको छ । अझ भन्ने हो भने दलित जातिको शैक्षिक अवस्था झनै पछाडि परेको छ । प्राथमिक शिक्षा चुनौति रूपमा रहेको अवस्थामा विद्यालयमा भएको

प्रतिकूल वातावरण, समाजमा रहेको जातीय भेद्भाव, छोराछोरी प्रतिको अलग धारणा, भौगोलिक विषमता, वालविबाह, हिनतावोध, घरायसी कामको भार, अशिक्षित अभिभावक, पारिवारिक कलह, कृषि कार्यमा संलग्न हुनुपर्ने आदि कारणहरूले विद्यालयको शैक्षिक वातावरणमा ज्यादै कम दलित जातिका बालवालिकाको सहभागिता रहेको पाईन्छ। नेपालमा ती दलित समूहका दलित जातिको शैक्षिक अवस्था नाजुक छ र धेरै पछाडि परेका छन्। उनीहरू पछाडि पर्नुको कारण के हो ? शिक्षामा उनीहरूको सहभागिता न्यून हुनुको कारण, विद्यालय भर्नाको अवस्था, कक्षा छोड्नेको अवस्था, कक्षा दोहोऱ्याउने आदि कुराहरू अध्ययन गर्न आवश्यक भएकाले यो शीर्षक छनौट गरिएको छ।

नेपालको समग्र सवालमा तथाङ्क भेटिएता पनि निश्चित वर्ग, लिङ्ग र जातिका आधारमा छुट्टाछुट्टै रूपमा अध्ययन, अनुसन्धान नभएको अवस्थामा तहगत रूपमा दलित बालबालिकाको शैक्षिक सहभागितामा देखिएका समस्याहरूको पहिचान गर्ने कार्य अझसम्म कुनै व्यक्ति वा निकायहरूबाट अध्ययन अनुसन्धानका रूपमा नभएकाले झापा जिल्ला सुरूङ्गा गा.वि.स. का दलित जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिताको स्थिति, भर्ना, विद्यालय छाड्ने कारणहरूको पहिचानलाई समस्याको रूपमा लिई यो अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

कमजोरीका कारण दलित तथा पिछडिएका जातजातिहरूको शैक्षिक अवस्था दयनीय रहनुका कारण खोज्ने प्रयास गरिने छ। दलित जातिका बहुसङ्ख्यक बालवालिकाहरूलाई शिक्षाप्रति सकारात्मक प्रेरणा जगाउन बालवालिकाका लागि छात्रवृत्ति तथा पौष्टिक आहार कार्यक्रम, फिडर छात्रावास कार्यक्रम आदि सञ्चालन भएता पनि प्राथमिक उमेरका सबै बालवालिका विद्यालय जान सकिरहेका छैनन्। यसमा पनि दलित, पिछडिएका वर्गका, जनजाति र ग्रामिण बालबालिकाहरूका पहुँच कम छ। यिनै पृष्ठभूमिमा दलित जातिको प्राथमिक विद्यालय उमेर समूहका बालवालिकाको शिक्षाको स्तर कस्तो छ ? विद्यालय भर्नादर, कक्षा सहभागिता, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर, उनीहरूको शिक्षाप्रतिको धारणा आदिको बारेमा अध्ययन गर्नु र तिनीहरूको शैक्षिक गुणस्तरलाई कसरी बृद्धि गर्न सकिन्छ ? भन्ने विषयमा बस्तुगत तथ्यहरू पत्ता लगाई नीति निर्माण, कार्यान्वयनकर्ता

लगायत सम्बन्धित क्षेत्रका पिछडिएका व्यक्तिहरूलाई सल्लाह, सुझाव र परामर्श दिएर शैक्षिक उत्थान गर्नु यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

यस प्रसङ्गमा प्राथमिक विद्यालयमा दलित जातिका बालवालिकाको सहभागिता अध्ययन गर्न निम्नानुसारका प्रश्नहरू उठाइएको थियो । दलित दलित जातिका बालवालिकाको प्राथमिक तहमा कति भर्ना भएका छन् ? दलित बालवालिकाहरूलाई के-कस्तो सरसुविधा उपलब्ध छ ? प्राथमिक कक्षामा दलित छात्रछात्राहरूको कक्षा छोड्ने अवस्था के-कस्तो छ ? दलित जातिको शैक्षिक अवस्था कस्तो छ ? तिनीहरूको शैक्षिक समस्याहरू के-के हुन् ? विद्यालय शिक्षामा उनीहरूको सहभागिता कसरी बढाउन सकिन्छ ? यिनै पक्षहरूलाई समस्याको रूपमा उठाई यो शोध अध्ययन गरियो ।

## १.३ अध्ययनको औचित्य

नेपाल बहुजातीय, बहुभाषिक, बहुसास्कृतिक, बहुधार्मिक देश भएकोले विभिन्न जातजाति, धर्म संस्कृति भएका समुदायलाई राष्ट्रको एउटै मूल प्रवाहमा ल्याई अनेकतामा एकता कायम भएको समुन्नत र सभ्य नेपाली समाजको निर्माण गर्नु आजको आवश्यकता हो । नेपाली समाजको बस्तुस्थिति बुझ्न यहाँका सबै दलित दलित जातिका समुदायको शैक्षिक स्थिति अध्ययन गरी शिक्षक, शुभचिन्तक, शोधकर्ता, बुद्धिजिवी, राजनेता, योजनाकार तथा सम्पूर्ण सरोकारहरूलाई सूचना प्रदान गरी दलित बालवालिकाहरूले कक्षा छाड्ने, कक्षा दोहेऱ्याउने, नियमित, अनियमितको अवस्थाको पहिचान गरी त्यसको समाधानको लागि यस अध्ययनले सघाउ पुऱ्याउनेछ ।

दलित बालवालिकालाई शिक्षा प्राप्त गर्नमा प्रभाव पार्ने बाधक तत्वहरूको बारेमा जानकारी प्राप्त गर्नु, दलित बालवालिकाहरूलाई शिक्षा प्राप्त गर्नमा बाधक तत्वहरूको पहिचान गरी समस्या समाधानका सम्भावित उपायहरू पहिल्याउन मद्दत पुग्नेछ । यस अध्ययनले दलित बालवालिकाहरू सम्बन्धी अध्ययन गर्ने, योजना बनाउने र कार्यान्वयन गर्ने निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, सरकारी तथा गैरसरकारी संघ-संस्थालाई सहयोग गर्नुका साथै दलित बालवालिकाको उत्थान गर्न सहयोग पुऱ्याउँछ । यस अध्ययनबाट प्राप्त

प्राप्तिहरूलाई दलित बालवालिका साथै अन्य दलित र पिछडिएका बालवालिकोको विद्यालयमा नियमित उपस्थिति, उत्प्रेरणा जगाउने उपाय, विधि र आधार निर्माणमा सहयोग पुऱ्याउँछ । दलित जातिका बालवालिकोको विद्यालयमा न्यून सहभागिता र कमजोर उपलब्धि दरलाई बृद्धि गर्ने उपाय पहिल्याउनु र दलित बालवालिकाको लागि सरकारी तथा गैरसरकारी निकायहरूले गर्नुपर्ने योगदानका लागि ध्यानाकर्षण गर्नु यस अध्ययनको औचित्य रहनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् ।

क) विद्यालय तहमा बाल सहभागिताको स्थिति पहिचान गर्न ।

ख) प्राथमिक विद्यालय उमेरका बालवालिकाको भर्नादर, उपस्थिति, कक्षा दोहोऱ्याउने दर र कक्षा छाड्ने दरले पारेको प्रभावको अध्ययन गर्न ।

ग) दलित बालवालिकाको विद्यालय शिक्षामा सहभागिता बृद्धि गर्ने उपायहरूको खोजी गरी प्रस्तुत गर्न ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि मूलत निम्नानुसारका प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरी अध्ययनलाई अगाडि बढाइयो ।

क) दलित जातिका बालवालिकाको विद्यालय शिक्षामा सहभागिताको अवस्था कतिको छ ?

ख) दलित जातिका बालवालिकालाई कक्षा छाड्ने, दोहोऱ्याउने दरले सिकाइ उपलब्धिमा के-कस्तो प्रभाव पारेको छ ?

ग) बालवालिका विद्यालय नियमित नहुने, कक्षा छाड्ने, दोहोऱ्याउने कारणहरू के-के हुन सक्छन् ?

घ) दलित जातिका बालवालिकाको विद्यालय सहभागिताको लागि जिम्मेवार पक्षहरू के-के हुन् ?

ङ) दलित बालवालिकाको विद्यालय उपस्थितिमा नियमितता ल्याउन के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

च) दलित बालवालिकाको विद्यालय शिक्षामा पहुँच बृद्धि गरी शिक्षाको मूल धारमा प्रवेश गराउन के-कस्ता उपायहरू अपनाउनु पर्ला ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको समय, श्रोत साधनको अभाव, खर्च, मानवीय साधन विषयको गहनताको कारणले ठूलो जनसंख्यामा अध्ययन गर्न असमर्थ भएकोले प्रस्तुत शोधकार्य निम्न सीमाभित्र रहेर गरिइयो ।

९ वटा सामुदायिक विद्यालय, ७ वटा संस्थागत विद्यालय र एक क्याम्पस रहेका छन् । यी मध्ये ३ वटा सामुदायिक विद्यालयमा सीमित रही स्थलगत अध्ययन गरी दलित दलित बालवालिकाको शैक्षिक सहभागितामा केन्द्रित रहेर अध्ययन गरियो । यससँग सम्बन्धित विद्यालय प्रधानाध्यापक ३, शिक्षक/शिक्षिका ६ जना, दलित दलित ६ जना , अन्य दलित विद्यार्थी ६ जना, गैर दलित विद्यार्थीहरू ६ जना, दलित दलित विद्यार्थीका अभिभावकहरू ६ जना, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू ६ जना, बुद्धिजीवी वर्गहरू ६ जनासँग सम्बन्धित क्षेत्र र विद्यालयका व्यक्तिहरूसँग साक्षात्कार गरियो । यो अध्ययन प्राथमिक तहका दलित दलित जातिका बालवालिकाहरूको शैक्षिक स्थिति, भर्ना, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने कारणलाई केन्द्रित गरियो । निश्चित क्षेत्र र जनसंख्यामा आधारित भएर यो अनुसन्धान कार्य गरिने भएकाले यसका प्राप्ति र निष्कर्षहरूलाई सबै ठाउँमा वा परिस्थितिहरूमा सामन्यीकरण गर्न नसकी सम्बन्धित ३ विद्यालयहरूका क्षेत्रमा मात्र लागू गर्न सकिन्छ ।

## १.७ शब्दावलीको परिभाषा

यस शोध अध्ययन गर्दा प्रयोग गरिएका शब्दहरूको अर्थमा उद्देश्य अनुरूपनै अर्थ लागोस् भन्ने उद्देश्यले पारिभाषिक शब्दावलीहरूको परिभाषा निम्नानुसार गरिएको छ ।

दलित : लामो समयदेखि दलिएका, पिछडिएका, थिचिएका उत्पीडित , देखिएका जाति ।

जाति : एकै किसिमको बंशाणुगत एवं सामाजिक एकरूपता भएका एउटै धर्म, संस्कृति, भाषा भएको अन्तर विवाहित मानव समूह जस्तै शेर्पा, दलित, तामाङ, राई, धिमाल, माझी आदि ।

समुदाय : एउटै रहनसहन, व्यवस्था, धर्म आदि अंगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह ।

पहुँच : विद्यालयको अवसर र त्यसको स्थिति ।

प्राथमिक तह : कक्षा १देखि कक्षा ५ सम्म ।

शैक्षिक सहभागिता : पहुँच, भर्ना, नियमितता, कक्षा छाड्ने, दोहोऱ्याउने, पासफेल हुने अवस्था ।

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अभिभावक भनी विद्यालयको अभिलेखमा भएको व्यक्ति ।

समस्या : दलित बालवालिकाहरूले शिक्षा आर्जन गर्दा आउने कठिनाईलाई बुझाउँछ ।

सामुदायिक प्राथमिक विद्यालय : सरकारी अनुदान प्राप्त गर्ने गरी सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक प्राथमिक विद्यालयलाई बुझाउँछ ।

# परिच्छेद दुईः

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

अध्ययनको क्रममा प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण र थप पुष्टि गर्नको लागि सैद्धान्तिक आधार आवश्यक पर्ने भएकोले शैक्षिक उपलब्धि सम्बन्धी अनुसन्धान तथा लेखहरू, प्रतिवेदनहरू, पुस्तकहरू, पूर्व शोधहरू, यस अघिका विषय विशेषज्ञहरूको लेखरचना आदिलाई यस अध्ययनको मेरूदण्डको रूपमा लिइएको । यस अध्ययनका क्रममा पनि समस्यासँग सम्बन्धित पूर्व कृति र अनुसन्धानका कार्यलाई अध्ययन गरी सैद्धान्तिक मान्यतासँग सम्बन्ध स्थापित गरी समस्यालाई स्पष्ट पारिएको । यस अध्ययनमा निम्न बमोजिमका सैद्धान्तिक खाका तथा साहित्यहरूको पुनरावलोकन गरी अध्ययनलाई अगाडि बढाइयो ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

लामिछानेका अनुसार, छन्त्याल बाललालिकाको प्राथमिक शिक्षामा रहेको वास्तविक अवस्था भाषिक तथा सांस्कृतिक प्रभाव, नियमित तथा सहजै देखिने र खुद भर्नाको अवस्थाको साथै प्राथमिक शिक्षामा देखिएका समस्या तथा समाधानका उपायहरू अध्ययन गर्नु भएको छ । अध्ययनको सिलसिलामा देखिएका समस्याहरूमा भाषागत समस्या, प्रमुख समस्याको रूपमा देखाइएको छ भने अन्य समस्यामा परम्परागत संस्कार, भौगोलिक विकटता, शिक्षक दरबन्दीको कमि, कमजोर आर्थिक अवस्था, समयमै पाठ्यपुस्तक उपलब्ध नहुने, विद्यार्थी पलायन, जनचेतना कमि, बैदेशिक रोजागरका कारण शिक्षामा कम सहभागिता पाइएको थियो भने परम्परागत रूढिवादी संस्कारको अन्त्य, पायक पर्ने ठाउँमा प्रा.वि.को व्यवस्था, सचेतना कार्यक्रम, विद्यालयको भौतिक सुधार जस्ता उपायहरू उल्लेख गर्नु भएको थियो । (लामिछाने, २०६६) । यस शोधपत्रको अध्ययनले दलित जातिका बालवालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता कम रहेकोमा यसलाई उच्च सहभागिता बनाउन पहिलेका कमीकमजोरी हटाई अघि बढ्न सहयोग गर्ने छ । दलित दलित अभिभावकहरूमा जनचेतना बढाई विभिन्न आकर्षित कार्यक्रम सञ्चालन गरी

सरकारी लगानी बृद्धि तथा अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि दलित दलित विद्यार्थीहरूलाई प्राथमिक तहको शिक्षामा सहभागिता बृद्धि गर्न सकिने छ । साथै दलित दलित विद्यार्थीका अभिभावकहरूलाई स्वरोजगार, तालिम तथा सरल ऋण प्रदान गरि आर्थिक रूपमा सक्षम र सबल बनाउने र कुरीति, अन्धविश्वास तथा पछौटेपनलाई न्यूनीकरण गरी अग्रगतिमा अघि बढेर शैक्षिक लक्ष्य प्राप्ति गर्न सक्ने नागरिक बनाउने योगदान दिन सक्नेछ ।

थपलियाले उल्लेख गरे अनुरूप दलित समुदायका बालवालिकाहरू विद्यालयमा कम सहभागि हुनमा मुख्य गरी चेतनाको कमी, आर्थिक अभाव, घरमा शैक्षिक वातावरण नहुनु जस्ता कारणहरू औल्याइएको पाइयो भने समयमानै विभिन्न जनचेतनामूलक कार्यक्रम गर्नुपर्ने, नयाँ-नयाँ छात्रबृत्तिका कार्यक्रमहरू सञ्चालन गर्नु, कक्षा नियमिततामा जोड दिनुपर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका दलित माथि प्रयोग गरिएका नराम्रा विषयहरू हटाउने, दलित तथा गैर दलित समुदायबाट छुवाछुतको भावना हटाउने सुझाव दिएको पाइयो (थपलिया, २०६७) । यी सुझावहरू यस शोध अध्ययनमा पनि उपयुक्त हुने भएकाले यो शोधपत्रको समीक्षा गरिएको हो । विद्यार्थी, शिक्षक, अभिभावक, बुद्धिजिवी तथा गैर दलित अभिभावकहरूमा सचेतना फैलाउने, छात्रवृत्ति प्रदान गर्ने, विभिन्न अभिमुखी कार्यक्रम तथा आर्थिक सबलीकरण कार्यक्रम बारम्बार सञ्चालन गरेर पछि परेका सम्पूर्ण बालवालिकाहरूको शिक्षामा सहभागिता बृद्धि गर्न सकिन्छ ।

सेरिड (१९८७) ले ग्रामिण नेपालका प्राथमिक विद्यालयमा विद्यालय छाड्ने अवस्थाको प्रमुख कारक तत्वहरूमा अशिक्षित, कमजोर आर्थिक अवस्था, कृषि पेशामा संलग्न, मजदुरी पेशा, र ठूलो परिवार रहेकोले तल्ला जातका केटाकेटीहरूले अधिकतम मात्रामा विद्यालय छाड्ने गरेको देखाइएको छ । यसरीनै केटीहरूको विद्यालय छाड्ने दरमा बृद्धि भैरहेको छ । विद्यालय छाड्नुको प्रमुख कारणमा आर्थिक अवस्था र अभिभावकको चेतनाको प्रत्यक्ष सम्बन्ध रहेको देखिएको छ ।

लम्सालका अनुसार शैक्षिक परिवर्तन अवधारणा, आवश्यकता र चुनौती भन्ने लेखमा भन्नु हुन्छ, शैक्षिक क्षेत्रमा हुने वा गरिने परिवर्तनबाट मात्र यस क्षेत्रमा विकास सम्भव छ ।

परिवर्तन नगर्नु भनेको यथास्थितिमा रहनु हो । समयलाई नबुझ्नु हो । अर्कोतिर संसार परिवर्तनशील छ भन्ने गरिन्छ । नयाँ-नयाँ ज्ञान, सीपको विकास भएका छन् । समुदाय दिन प्रतिदिन जटिल बन्दै गइरहेको छ । सिक्नुपर्ने पक्षहरूको दायरा बढ्दै गएको छ । शिक्षकहरूलाई हिजोको भन्दा बढी सीप चाहिएको छ । समाजको जुनसुकै पक्षमा पनि प्रतिस्पर्धामा सफल हुन बढी भन्दा बढी सीप हाँसिल गर्नु जरूरी भएको छ । यसरी आधुनिक युग तथा परिवेश अनुकूलको सीपयुक्त जनशक्ति उत्पादन गर्नका लागि शिक्षामा परिवर्तन आवश्यक एवं अपरिहार्य भएको छ । प्रतिस्पर्धामा सफल हुन परिवर्तन आवश्यक मात्र होइन अपरिहार्यनै भएको छ (लम्साल,२०६४:४३) । यस लेखले दलित दलित बालवालिकाहरूमा शैक्षिक परिवर्तन ल्याई प्राथमिक स्तरमा सहभागिता सम्बन्धी अध्ययनको लागि मार्गदर्शन पुऱ्याएको छ ।

कोइरालाका अनुसार स्कूल मात्रै खोलिदिँदा पढ्न आउनेहरू आइसके । अब नआउनेहरूमा दलित पर्दछन् । जनजाति पर्छन । बिहान खाए बेलुका के खाउँ भन्ने घरपरिवार पर्छन् । तिनमा पनि केटीहरू बढी पर्दछन् । यी समूहहरूलाई विशेष शैक्षिक संरचना नबनाउने हो भने शैक्षिक प्रजातान्त्रीकरण वा शैक्षिक जनतान्त्रीकरणको नारा मात्रै हुनेछ । सन् १९७५ पछिका प्रत्येक वर्षको शिक्षा दिवसमा गाइने गीत जस्तो सस्तो हुन्छ । यही सस्ता नाराहरू सुनेर बस्ने बस्तीहरूमा अझै दुई/चार पुस्ता निरक्षर हुनेछ । तर विशेष शैक्षिक संरचना बनाउने हो भने आगामी एक दशकभित्र दलित र अन्य समुदायको शैक्षिक सांस्कृतिक सम्पदानै बदलिनेछ (कोइराला, २०६८ : ४७७)

सेरिड (१९९७( का अनुसार “दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरू” शीर्षक अन्तर्गत दलित जातिभित्र विभिन्न खाले शैक्षिक तथा सांस्कृतिक समस्या रहेका र तिनका समाधान नभएसम्म जातीय छुवाछुत अन्त्य नहुने कुरा स्पष्ट पार्दै दलित भित्रका शैक्षिक र सांस्कृतिक समस्या समाधानका वैकल्पिक उपायहरू देखाइएको छ । जुन उपायमा दलित शिक्षक भर्ना गर्ने, उनीहरूलाई दलित मुखी तालिम दिने, दलित केटाकेटीहरूबीच कक्षामा अर्न्तक्रिया गराउने, दलित नेतृत्वको विकास गराउने, दलित बस्तीमा जातीय लक्ष्यमा आधारित शैक्षिक कार्यक्रमको विस्तार गर्ने भनी सुझाव दिइएको थियो ।

यसरी माथि उल्लेखित साहित्यहरूको पुनरावलोकन गर्दा दलितहरूका समस्याहरूलाई उठाइएको पाइन्छ । दलितका समस्याहरू ठाउँ र सामाजिक परिवेश अनुसार फरक-फरक खालका भएकाले हालसम्म उपलब्ध अध्ययन अनुसन्धानले सबैतिर उही रूपको प्रतिनिधित्व गर्न सकेको पाईंदैन । दलितहरूको शिक्षामा सहभागिता सम्बन्धी विभिन्न प्रकाशित र अप्रकाशित साहित्यलाई अध्ययन गर्दा दलितहरूको शिक्षामा सहभागिता कमजोर देखिन्छ । यस अनुसन्धानले प्राथमिक विद्यालयमा दलित बालवालिकाको न्यून सहभागिताको विभिन्न समस्याहरू र कारणहरू पत्ता लगाउन सहयोग पुऱ्यायो ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनलाई अगाडि बढाउनको लागि सजिलो होस् भन्ने उद्देश्यले निम्न सैद्धान्तिक खाकाको आधार सहित पुनरावलोकन गरिएको छ ।

### क) सामाजिक जागरणको सिद्धान्त

यस सिद्धान्तका अनुसार समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक विविधता रहेको हुन्छ । यस्तो विविधताको सामाजिक संरचनाभित्र बसेका व्यक्तिहरूमा अधिकार, कर्तव्य र स्वतन्त्रताको समेत विभिन्नता रहेको हुन्छ । यस प्रकारका विविधताले समाजमा र ती सामाजिक व्यक्तिहरूका बीचमा द्वन्द सृजना हुन्छ । समाजका यस्ता विविधताहरूलाई कम गराउने सशक्त माध्यम शिक्षालाई मानिन्छ । यसरीनै यस सिद्धान्तले आम दलित, महिला पिछडिएका वर्ग, शोषित, पीडित व्यक्तिलाई समाजमा चेतना जागरण गराउनमा अभिप्रेरित गर्ने तर्फ जोड दिइएको पाइन्छ जसले सबैलाई सिक्नको लागि जागरण गराउने भएकाले यसलाई यस अध्ययनसँग सम्बन्धित प्राथमिक विद्यालयको आधार प्रदान गर्ने भएकोले यसलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

ख) हर्जवर्गको दुई तत्वहरूको सिद्धान्त : (आरोग्य र उत्प्रेरक)

यो सिद्धान्तलाई अमेरिकी व्यवस्थापन विद् फ्रेडरिक हर्जवर्गले सन् १९५० मा प्रतिपादन गरेका हुन् । यहाँ व्यक्तिको सन्तुष्टि र असन्तुष्टिका दुबै कारण आफू रहेर काम गरेको वातावरणनै हो । कुनै खास किसिमका राम्रो अनुभव वा सन्तुष्टि कार्यका आवश्यक तत्वहरूसँग सम्बन्धित छ र विचित्र किसिमका अस्वभाविक, खराव, नराम्रा वा असन्तुष्टि कार्यका अनावश्यक तत्वहरू पनि त्यही छ ।

हर्जवर्गले यी तत्वलाई निम्न २ भागमा बाँडेका छन् । उनका अनुसार यी आरोग्य तत्वहरू कामदारको कार्यदक्षताहरू खासै बृद्धि गर्दैन तर पनि व्यक्तिमा कार्यअसन्तोषको कारणले उसको कार्यसम्पादनमा आउने सिथिलता, ढिला-सुस्तिपन, आलस्यपन आदिलाई रोक्ने काम गर्दछ । आरोग्य सिद्धान्तले कार्य सन्तुटिलाई बढि जोड दिएको छ । यस तत्वले व्यक्तिलाई उत्कृष्ट कार्य गर्नका लागि अन्तरआत्मा देखिनै उत्साही एवं अभिप्रेरित गर्दछ । दलितहरू विभिन्न पक्षबाट धेरै पछि परेका छन् । उनीहरूमा असन्तुष्टिहरू पैदा भएका छन् । सिथिलता र आलस्यपनलाई हटाउनको लागि र यी समूहहरूलाई अभिप्रेरित गर्नको लागि विद्यालयका सञ्चालकहरू, प्रध्यानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, गैर दलित विद्यार्थीहरू, दलित अभिभावकहरू तथा सम्बन्धित सम्पूर्ण सरकारी र गैरसरकारी निकायहरूले सामाजिक दायित्व बोध गरी दलित विद्यार्थीहरूलाई हर्जवर्गले निर्देशित गरेको आरोग्य र उत्प्रेरकको बोध गराई उत्प्रेरणा तथा सहयोगको हात बढाएमा दलित दलित विद्यार्थीहरूको प्राथमिक विद्यालयमा शिक्षामा सहभागिता बढ्ने आधार सिर्जना गर्न सकिन्छ । यसैले हर्जवर्गको आरोग्य र उत्प्रेरक सिद्धान्त यस अध्ययनको सैद्धान्तिक खाकाको रूपमा लिइएको छ ।

## २.३ शैक्षिक उपादेयता

सम्पूर्ण दलित तथा दलित बालवालिकाहरूको शिक्षामा सहभागिता बृद्धि हुनु भनेको राष्ट्रिय शिक्षाको लक्ष्य तथा उद्देश्यमा सफलता प्राप्त हुनु हो । जबसम्म शिक्षामा दलित सहभागिता बृद्धि हुन सक्दैन, तबसम्म शिक्षाको राष्ट्रिय लक्ष्यमा पनि बृद्धि हुन सक्दैन ।

त्यसरीनै शिक्षामा जातजातिको समान सहभागिता नरहेसम्म समग्रमा उन्नतशील, समृद्ध र सभ्य समाजको कल्पना गर्न सकिन्न । शिक्षा प्राप्त गर्नु प्रत्येक मानवजातिको जन्मसिद्ध अधिकार हो भन्ने मान्यता विश्वव्यापीरूपमा रहिआएको छ । नेपालले पनि सबैका लागि शिक्षा भन्ने विश्वव्यापी नारामा आफ्नो प्रतिवद्धता जनाइसकेको अवस्था छ ।

दलित जातिभित्र रहेका विभिन्न खाले समस्याहरू जस्तैः आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, धार्मिक, राजनैतिक लगायतका कुराको अन्त्यका लागि शैक्षिक विकास एक महत्वपूर्ण पक्ष हो । सामुदायिक प्राथमिक विद्यालय शिक्षा निःशुल्क भए पनि दलित बालवालिकाहरू विद्यालय शिक्षाबाट टाढा रहनु, भर्ना भएर पनि कक्षा छाड्नु, शैक्षिक उपलब्धि नाजुक हुनु आदि उपायहरू खोजी गरी दलित जातिका बालवालिकाहरूको प्राथमिक तहको शिक्षामा सहभागिता बढाउन ठूलो सहयोग पुऱ्याउनेछ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नको लागि विषयवस्ताुको प्रकृति अनुसार प्राप्त हुने गरी विभिन्न तौरतरिका वा उपायहरू अवलम्बन गर्नुलाई अनुसन्धान भनिन्छ । प्रस्तावित अनुसन्धान कार्य कसरी सम्पन्न गरिँदैछ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण शोधप्रस्ताव लेखनका क्रममा सबभन्दा महत्वपूर्ण मानिन्छ । यस अन्तर्गत सामाग्री सङ्कलनको विधि, प्रक्रिया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार गर्नुपर्छ । त्यसैले अनुसन्धानका लागि आवश्यक सामाग्रीहरूको स्रोत, सामाग्रीको सङ्कलन र त्यसको परीक्षण एवं सत्यापेणसम्मको समग्र प्रक्रियालाई पनि अध्ययन विधि भनिन्छ । अध्ययनलाई उद्देश्य प्राप्तिको चरणसम्म पु¥याउन विधिको अहम् भूमिका हुन्छ । प्रस्तुत अनुसन्धान कार्यमा निम्न अनुसारका अध्ययन विधि अवलम्बन गरियो ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

खनालका अनुसार “अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ” पूर्व योजना अथवा तयारी बिना गरिने अनुसन्धान निश्चित लक्ष्यमा पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार पारिने बृहत्त योजना तथा रणनीतिलाईनै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान जटिल कार्य हो, यसमा व्यवस्थित योजनाको खाँचो पर्दछ । यस कार्यमा विषयको छनौट देखि लिएर तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतीकरण कार्य सम्ममा कुन-कुन कार्यविधि अवलम्बन गर्ने सोको विस्तृत प्रक्रिया तथा योजना समेटिएर अनुसन्धानलाई आफ्नो कार्यका लागि मार्गनिर्देशन प्रदान गर्दछ (खनाल, २०६६:४५) ।

यो अध्ययन दलित जातिका बालवालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता सम्बन्धी प्राथमिक तथा द्धितीय तथ्याङ्कलाई आधार मानी विश्लेषण गरिने हुँदा अध्ययनको अनुसन्धानात्मक ढाँचा गुणात्मक पद्धतिमा आधारित रहेको छ । कुनै-कुनै तथ्याङ्कलाई

संख्यात्मक रूपमा तालिकामा राखिएको छ। ती तालिकाको व्याख्या गुणात्मक रूपमानै गरिएको छ।

## ३.२ जनसंख्या र नमुना

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसंख्याको रूपमा झापा जिल्लाको मध्य भागमा पर्ने सुरूङ्गा गा.वि.स. अन्तर्गत सञ्चालित ९ वटा सामुदायिक प्राथमिक विद्यालयहरूका प्रधानअध्यापक, शिक्षकहरू, दलित दलित, अन्य दलित तथा गैर दलित विद्यार्थीहरू, अभिभावकहरू, स्थानीय बुद्धिजिवीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा श्रोत व्यक्ति समेतलाई लिइएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनको लागि छनौट गरिने नमुनाको आकार यस प्रकार छ। झापा जिल्लाको मध्य भागमा पर्ने सुरूङ्गा गा.वि.स. भित्र सञ्चालित जम्मा ९ वटा सामुदायिक प्रा.वि.हरू मध्ये जम्मा ३ वटा विद्यालयहरू छनौट गरिएको थियो ।

### ३.२.३ नमुना छनौटको विधि

यस अध्ययनको लागि उद्देश्यमूलक नमुना छनौट विधि अपनाइएको छ। सुरूङ्गा गा.वि.स.मा सञ्चालित ९ वटा सामुदायिक विद्यालयहरू मध्ये तीनवटा भिन्न-भिन्न वडामा अवस्थित प्राथमिक विद्यालयहरू चयन गरिएको छ। प्रत्येक विद्यालयबाट उद्देश्यपूर्ण नमुना छनौटकै आधारमा तथ्याङ्क तथा रायसंकलनको लागि उत्तरदाताको रूपमा ३ जना प्रधानाध्यापक, ६ जना शिक्षक-शिक्षिका, ३ जना वि.व्य.स.का पदाधिकारीहरू, ३ जना स्थानयि बुद्धीजीवीहरू, प्रा. तहमा अध्ययनरत सम्पूर्ण दलित दलित विद्यार्थीहरू, त्यतीनै संख्यमा अध्ययनरत अन्य दलित तथा गैर दलित विद्यार्थीहरू, विद्यालय छाडेर घरमै बसेका ३ जना दलित दलित विद्यार्थीहरूसँग साक्षात्कार गरियो ।

### ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनको क्रममा निम्नानुसारका अनुसन्धानका साधनहरू प्रयोग गरिएको छ ।

#### ३.३.१ अभिलेख फारम

दलित दलित, अन्य दलित र गैर दलित विद्यार्थीहरूको सहभागिता अध्ययन गर्नको लागि केही निश्चित फारमहरू तयार गरिएको थियो । यही फारमहरूलाई विद्यार्थी अभिलेख फारम भनिएको छ । दलित दलित, अन्य दलित र गैर दलित विद्यार्थीको भर्ना स्थिति, विद्यालय उपस्थिति, कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने दर जस्ता तथ्याङ्क संकलन गर्न यस फारमको प्रयोग गरिएको छ । (अनुसूची १,२,३)

#### ३.३.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधिहरूमध्ये प्रश्नावली एक प्रमुख विधि हो । यस अध्ययनमा ३ प्रधानाध्यापक, ६ शिक्षक-शिक्षिकालाई प्रश्नावलीको प्रयोग गरेर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । (अनुसूची ४, ५)

#### ३.३.३ अन्तर्वार्ता

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विभिन्न विधिहरू मध्ये अन्तर्वार्ता पनि एक विशिष्ट विधि हो । यस अध्ययनमा ३ वटै प्राथमिक तहमा अध्ययनरत ६ दलित दलित विद्यार्थी, ३ जना अन्य दलित तथा ३ गैर दलित विद्यार्थीहरू दलित विद्यार्थीका ६ जना अभिभावकहरू, ३ जना अन्य दलित, ६ जना गैर दलित विद्यार्थीका अभिभावकहरू, विद्यालय छाडेका ३ जना दलित दलित विद्यार्थीहरू, ३ स्थानीय बुद्धिजिवीहरूबाट अन्तर्वार्ता अनुसूचीको प्रयोग गरेर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । (अनुसूची ६, ७, ८, ९, १०, ११, १२)

### ३.३.४. छलफल

यस अध्ययनमा प्रत्येक वि. व्य. समितिबाट २ जना पदाधिकारीहरू बीच बसी निश्चित प्रश्नहरू माथि केन्द्रित रहेर छलफल गरी अध्ययनको उद्देश्य पूर्तिका लागि प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । (अनुसूची १३)

### ३.३.५. अवलोकन

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्ने विभिन्न विधिहरू मध्ये अवलोकन एक प्रभावकारी र उपयुक्त विधि हो । यस अध्ययनमा सामूहिक अवलोकनको तरिका अपनाइएको । विद्यालयमा दलित विद्यार्थीहरूले कक्षा कार्य तथा गृहकार्य गर्छन् वा गर्दैनन्, कक्षामा ध्यानपूर्वक सुन्छन् वा सुन्दैनन्, सम्बन्धित बिषयवस्तुसँग सम्बन्धित प्रश्न शिक्षकसँग गर्छन् वा गर्दैनन्, सोधिएका प्रश्नहरूको उत्तर दिन्छन् वा दिदैंनन्, समूहमा मिलेर बस्ने काम गर्छन् वा गर्दैनन् लगायतका विभिन्न क्रियाकलापको बारेमा अवलोकन फारम प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । (अनुसूची-१४)

## ३.४ तथ्याङ्कका श्रोतहरू

यो अध्ययन कार्यसम्पन्न गर्न आवश्यक पर्ने तथ्याङ्क र जानकारी संकलनका लागि निम्नलिखित श्रोतहरूको उपयोग गरिएको छ ।

अ) प्राथमिक श्रोत

यो अध्ययनको सन्दर्भमा प्रश्नावली, अन्तर्वार्ता, आवलोकन, छलफललाई प्राथमिक श्रोतको रूपमा प्रयोग गरियो । यस श्रोत अन्तर्गत शोधकर्ता आफैं सम्बन्धित क्षेत्रमा गई विभिन्न विधि र औजार प्रयोग गरी तथ्याङ्क संकलन गरियो ।

आ) द्धितीय श्रोत

यो अध्ययन कार्यमा सहयोग पुऱ्याउनका लागि द्धितीय श्रोतका रूपमा सम्बन्धित विद्यालय, जिल्ला शिक्षा कार्यालय, शिक्षा ऐन, पत्रपत्रिका, लेख, रचना, अप्रकाशित शोधपत्र, प्रतिवेदन, पुस्तक, विद्यालयको अभिलेख आदि लिइयो ।

## ३.५. तथ्याङ्क संकलन प्रक्रिया

प्रस्तावित शोधपत्र तयार गर्ने क्रममा आश्वयक पर्ने सूचना, तथ्याङ्क र जानकारी प्राप्त गर्नको लागि खुल्ला प्रश्नावली निर्माण गरी सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी आदि सँग प्रश्नावली गर्न लगाइयो । प्रध्यानापक, शिक्षक र अन्य पक्ष सँग अन्तर्वार्ता, छलफल गरी आश्वयक जानकारी प्राप्त गरियो । अवलोकन फारम गरी जानकारी लिइयो । उक्त कार्यको लागि शोधकर्ता स्वयं सम्बन्धित विद्यालयमा पुगी सम्बन्धित पक्षसँग प्रत्यक्ष सम्पर्क गरी आश्वयक जानकारी लिइयो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिकामा प्रस्तुत गरिएको छ । यो अध्ययन मूलतः व्यक्तिको धारणा, सोचाइ, विचार र व्यक्तिगत अनुभवसँग सम्बन्धित हुने भएकाले व्याख्या गुणात्मक रूपमा गरियो । यसरी नै विद्यालयहरूको प्र.अ., शिक्षक, दलित दलित विद्यार्थी, गैर दलित विद्यार्थी, दलित दलित अभिभावक, गैर दलित दलित अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय बुद्धिजिवी र विद्यालय छाडेका दलित विद्याथीहरूबाट प्रश्नावली, अन्तर्वार्ता र छलफलको माध्यमबाट दलित बालवालिकहरूको कक्षा भर्ना, विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, उपस्थिति दर जस्ता पक्षमा प्रभाव पार्ने तत्वहरूको पहिचान गरियो । प्राथमिक

तथ्याङ्क बाहेक अध्ययनलाई निष्कर्षमा पुऱ्याउन विभिन्न सहायक तथ्याङ्कको पनि प्रयोग गरि अध्ययनको विश्लेषण गरियो ।

अध्ययन गरिने प्रत्येक विद्यालयका २०६७ सालको प्राथमिक तहमा दलित दलित, अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको भर्ना विवरण, कक्षा दोहोऱ्याउने विवरण, कक्षा छाड्ने विवरण वा शैक्षिक क्रियाकलापमा सहभागिता वा शैक्षिक स्थितिको तुलानात्मक तालिका विवरण, स्तम्भ चित्र, वृत्त चित्र वा बहुस्तम्भ चित्र आदि प्रस्तुत गरी सोको आधारमा विश्लेषण र व्याख्या गरी निष्कर्ष निकालियो ।

# परिच्छेद चार : नतिजाको छलफल

तथ्याङ्कको व्याख्या र विश्लेषणलाई कुनै पनि अध्ययन अनुशन्धानको महत्वपूर्ण पक्ष भनिन्छ । स्थलगत सर्वेक्षण, विभिन्न लेख, रचना, पत्रिकाबाट प्राप्त तथ्याङ्क, साक्षात्कारबाट प्राप्त सूचना आदिलाई क्रमबद्ध रूपमा राखी व्याख्या तथा विश्लेषण गर्ने कार्यलाई अनुसन्धानको केन्द्रबिन्दुको रूपमा लिइन्छ ।

प्राथमिक विद्यालय स्तरका सार्की जातिका बालवालिकाको शैक्षिक सहभागिताको स्थिति पहिचान गर्न, देखा परेका समस्याहरूको समाधानका उपायहरू खोज गर्न, अध्ययन क्षेत्रमा टिपोट गरिएका सूचनाहरू तथा विद्यालय अभिलेख, प्र.अ., शिक्षक, सार्की विद्यार्थी, सार्की विद्यार्थीसँग सम्बन्धित विद्यार्थीका अभिभावक, अन्य दलित विद्यार्थी, गैर दलित विद्यार्थी, ती विद्यार्थीहरूसँग सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय बुद्धिजीवीबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आवश्यकता अनुसार तालिकीकरण गरी चरणबद्ध रूपमा गुणात्मक पद्धतिबाट त्यसको व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषण गर्दा सहायक सामाग्रीको पनि सहयोग लिइएको छ ।

## ४.१ सार्की दलित, अन्य दलित र गैर दलित बालवालिकाको शैक्षिक सहभागिताको स्थिति


शोधकर्ताद्वारा गरिएको अध्ययन अनुसन्धानका क्रममा झापा जिल्ला सुरूङ्गा गा.वि.सका सम्पूर्ण सार्की दलित, अन्य दलित तथा गैर दलित जातिका बालवालिकाको शैक्षिक स्थितिलाई अध्ययन गर्न आवश्यक पर्ने सूचना, तथ्य, तथ्याङ्क प्राप्त गर्नका लागि अध्ययन क्षेत्र झापा जिल्ला सुरूङ्गा गा.वि.समा बसोबास गर्ने सार्की दलित तथा आंशिक रूपमा अन्य दलित र गैर दलित घरधुरीहरूमा पुगी स्थलगत सर्वेक्षण र उक्त गा.वि.सका प्राथमिक विद्यालय उमेरका सार्की दलित, अन्य दलित तथा गैर दलित बालवालिकाहरू अध्ययनरत ३ वटा विद्यालयहरू क्रमशः श्री सरस्वती मा.वि., सुरूङ्गा-३ जमुनबारी, श्री देवकोटा प्रा.वि., सुरूङ्गा-७ तुलसीबारी र जनचेतना नि.मा.वि. सुरूङ्गा-९ टप्पुबाट शैक्षिक सत्र २०६९ सालको विद्यालय अभिलेखमा भएका सार्की, अन्य दलित र गैर दलित विद्यार्थी

विवरण अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त विवरण तथा सूचनाहरूको विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ :

### ४.१.१ प्राथमिक विद्यालय उमेरका सार्की दलित विवरण

शोधकर्ताले छनौटमा लिइएका अध्ययन क्षेत्रका ३ वटै वडा नं. हरूमा सार्की घरधुरीहरू वडा नं. ३ मा ७ घर, वडा नं. ७ मा १० घर र वडा नं. ९ मा ८ घर गरी जम्मा २५ घर परिवार रहेको पाइयो । ती घरधुरीहरूबाट प्राथमिक विद्यालय उमेरका बालवालिकाहरू जम्मा ३६ जना भएको पाइयो । यस विवरणलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।


**प्राथमिक उमेरका सार्की दलित बालवालिकाहरूको विवरण :**




यस स्तम्भचित्रमा देखाए अनुसार शैक्षिक सत्र २०६९ सालका लागि प्रा.वि. उमेर समूहका सार्की बालवालिकाहरू जम्मा २५ घरधुरीका छात्रा २५ जना (६९.४४%) र छात्र ११ जना (३०.५६%) गरि जम्मा ३६ जना बलवालिका रहेको पाइयो । यस अध्ययन क्षेत्रमा छात्राहरूको संख्या छात्रहरूको भन्दा दुई गुणा बढी रहेको पाइयो ।

यी प्रा.वि. उमेरका ३६ जना बालवालिकाहरूको स्थलगत अध्ययन गर्दा सामुदायिक विद्यालय, संस्थागत विद्यालय र विद्यालय नपठाउने विवरण निम्न वृत्त चित्रमा देखाइएको विवरण पाइयो ।

प्रा.वि. उमेरका सार्की बालवालिका उमेरको विवरण




यस वृत्तचित्रमा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ। यस वृत्तचित्रबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रका सार्की जातिका प्राथमिक विद्यालय उमेरका बालवालिकाहरूलाई ३६०° भागमा ३ जना वा ३०° भागमा अर्थात ८.३३ प्रतिशत संस्थागत विद्यालय भर्ना गरिएको, २९ जना वा २९०° अर्थात ८०.५६ प्रतिशत सामुदायिक विद्यालय भर्ना गरिएको पाइयो। तर ४ जना वा ४०° अर्थात ११.११ प्रतिशत बालवालिका विद्यालय नपठाइएको स्थिति रहेको पाइयो।

### ४.१.२ सार्की बालवालिका अध्ययन गर्ने विद्यालय र विद्यार्थी विवरण

शोधकर्ताले छनौटमा परेका स्थानको स्थलगत अध्ययन गर्दा सार्की बालवालिका अध्ययन गर्ने प्राथमिक विद्यालय तह र उक्त तहमा उनीहरूको सहभागिता विवरण निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १ अध्ययन गर्ने विद्यालय र बालवालिकाको विवरण

| विद्यालय | छात्रा | प्रतिशत | छात्रा | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| सरस्वती मा.वि.सुरूङ्गा-३, | ५ | ७१.४२ | २ | २८.५७ | **७** | **१००%** |
| देवकोटा प्रा.वि.सुरूङ्गा-७ | ९ | ६९.२३ | ४ | ३०.७६ | **१३** | **१००%** |
| जनचेतना नि.मा.वि.सुरूङ्गा-९ | ८ | ८८.८८ | १ | ११.११ | **९** | **१००%** |
| जम्मा | २२ | ७५.८६ | ७ | २४.१४ | **२९** | **१००%** |

श्रोतः विद्यालय अभिलेख, २०६९

माथिको तालिका अनुसार सार्की बालवालिकाले अध्ययन गर्ने विद्यालयहरूमा सबै भन्दा बढी विद्यार्थीहरू श्री देवकोटा प्रा.वि. सुरूङ्गा-७ तुलसीबारीमा छात्रा ९ जना (६९.२३ प्रतिशत) र छात्र ४ जना (१३.६९ प्रतिशत) गरी जम्मा १३ जना विद्यार्थीहरू अध्ययन गर्ने गरेको पाइयो। जनचेतना नि.मा.वि. सुरूङ्गा-९ मा छात्र ८ जना (८८.८८ प्रतिशत) र छात्र १ जना (११.११ प्रतिशत) गरी जम्मा ९ जना अध्ययन गर्ने गरेको र सबैभन्दा कम श्री सरस्वती मा.वि. सुरूङ्गा-३ जमुनबारीमा छात्रा ५ जना (७१.४२ प्रतिशत) र छात्र २ जना ( २८.५७ प्रतिशत) गरि जम्मा ७ जना विद्यार्थीले अध्ययन गरेको पाइयो।

उक्त तथ्याङ्क अनुसार प्रत्येक विद्यालयमा छात्राहरूको संख्या छात्रहरूको भन्दा निकै बढी पाइयो। यसरी छात्राहरूको संख्या बढी हुनुमा प्रत्येक घरधुरीहरूमा छोरीको संख्या छोराहरूको भन्दा दोब्बर हुनुले यस्तो भएको हो।  यी तिनवटै विद्यालयको संयुक्त रूपमा तुलना गर्ने हो भने छात्राहरूको संख्या २२ जना (७५.८६ प्रतिशत) र छात्रहरूको संख्या ७ जना (२४.१४ प्रतिशत) सहभागिता भएको देखियो। यी विद्यालयहरूको तथ्याङ्क औषत रूपमा अध्ययन गर्दा छोरीहरूको जनसंख्या बढी भएकाले छात्रको तुलनामा छात्राहरूको सहभागिता निकै बढी भएको पाइयो।

### ४.१.३ प्राथमिक विद्यालय उमेरका बालवालिकाको भर्ना विवरण

अध्ययन क्षेत्रका प्राथमिक विद्यालय उमेरका सार्की दलित, अन्य दलित र गैर दलित बालवालिकाहरूको भर्ना विवरण उनीहरू अध्ययनरत विद्यालयहरूमा प्राप्त अभिलेख अनुसार उनीहरूको विवरण निम्नानुसार रहेको छ।

तालिका २ प्राथमिक उमेर बालवालिका भर्ना विवरण

| विद्यालय | सार्की दलित | | अन्य दलित | | गैर दलित | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सरस्वती मा.वि. सुरूङ्गा-३, | ५ (७९.४२) | २ (२८.५७) | ३८ (४७.५) | ४२ (५२.५) | १२२ (५३.०४) | १०८ (४६.९६) | ३१७ |
| देवकोटा प्रा.वि. सुरूङ्गा-७ | ९ (६९.२३) | ४ (३०.७७) | २० (४७.६१) | २२ (३७.७६) | ७१ (५७.७२) | ५२ (४२.२७) | १७८ |
| जनचेतना नि.मा.वि. सुरूङ्गा-९ | ८ (८८.८८) | १ (११.१२) | १५ (४५.४५) | १८ (५४.५५) | ९५ (५४.२८) | ८० (४५.७१) | २१७ |
| जम्मा | २२ | ७ | ७३ | ८२ | २८८ | २४० | |
| जम्मा विद्यार्थी | २९ | | १५५ | | ५२८ | | ७१२ |

श्रोत: विद्यालय अभिलेख, २०६९

तालिकामा देखाए अनुसार शैक्षिक सत्र २०६९ सालमा सरस्वती मा.वि.को कक्षा १ देखि कक्षा ५ सम्मको प्राथमिक प्रा.वि.मा सार्की दलित बालवालिका भर्ना संख्या क्रमश: छात्रा ५ जना (७१.४२ प्रतिशत) र छात्रा २ जना (२८.५७ प्रतिशत) गरि कूल सार्की विद्यार्थी ७ जना रहेको पाइयो । यसै गरि अन्य दलित बालवालिका संख्यामा क्रमश: छात्रा ३८ जना (४७.५ प्रतिशत) र छात्रा ४२ जना (५२.५ प्रतिशत) भर्ना भएको पाइयो भने गैर दलित बालवालिकाको भर्ना संख्या अवलोकन अध्ययन गर्दा छात्रा १२२ जना (५३.०४ प्रतिशत) र छात्र १०८ जना (४६.९६ प्रतिशत) भएको पाइयो । सोही वर्ष देवकोटा प्रा.वि.मा भर्ना संख्या विद्यालय अभिलेख अध्ययन गर्दा सार्की दलित बालवालिका क्रमश: ९ जना (६९.२३ प्रतिशत) र छात्र ४ (३७.७६ प्रतिशत) गरि कूल सार्की विद्यार्थी १३ जना, अन्य दलित बालवालिकाहरूमा छात्रा २० जना (४७.६१ प्रतिशत) र छात्र २२ जना (५२.३८ प्रतिशत) भर्ना हुनुका साथै गैर दलित बालवालिकाहरूमा छात्रा ७१ जना (५७.७२ प्रतिशत) र छात्र ५२ जना (४२.२७ प्रतिशत) भर्ना भएको पाइयो । त्यसैगरी जनचेतना नि.मा.वि.को प्रा.वि. तहको कक्षा १ देखि कक्षा ५ सम्मको भर्ना विवरण अध्ययन गर्दा सार्की दलित बालवालिकामा छात्रा ८ जना (८८.८८ प्रतिशत) र छात्र १ जना (११.१२ प्रतिशत) गरि कूल ९ जना, अन्य दलित बालवालिकामा छात्रा १५ जना (४५.४५ प्रतिशत) र छात्र १८

जना (५४.५५ प्रतिशत) र गैर दलित बालवालिकाहरू छात्रा ९५ जना (५४.२८ प्रतिशत) र छात्र ८० जना (४५.७१ प्रतिशत) भर्ना भएको पाइयो ।

समग्रमा ३६ जना सार्की दलित विद्यार्थीहरू मध्ये सामुदायिक प्राथमिक तहमा २९ जना सार्की दलितहरू भर्ना भएको पाइयो र तालिका २ अनुसार ४ जना (११.११ प्रतिशत) विद्यालय नपठाएको अवस्था पाइयो । यसरी अध्ययन क्षेत्रमा रहेका विद्यालयहरूको तथ्याङ्क हेर्दा दलित बालवालिकाहरूको भर्ना अन्य दलित तथा गैर दलित बालवालिकाको तुलनामा न्यून भएको पाइयो । यस तहमा सार्की दलित बालवालिकाहरूको भर्नाको अवस्था न्यून हुनुमा पातलो बस्ती, अधिकांश अशिक्षित अभिभावक, गरिबी तथा शिक्षाप्रति चेतनाको अभाव भएको सम्बन्धित अध्ययन क्षेत्रका शिक्षक, बुद्धिजीवी, अभिभावकहरूको राय भएको पाइयो । त्यसैले रेडियो, टि.भी, पत्र-पत्रिकाबाट मात्र हैन सम्पूर्ण सार्की दलित तथा अन्य दलितका घर दैलो कार्यक्रम राखी शिक्षाप्रति चेतनाको विकास गर्ने, बालवालिकाको भर्ना सम्बन्धी विशेष कार्यक्रम ल्याउने र सार्की दलित तथा अन्य दलित समुदायका अभिभावकहरूलाई बाल भर्ना सम्बन्धी कार्यक्रम सञ्चालन गरेर अभिप्रेरित गर्नु पर्दछ । कापी, किताब, कलम, पेन्सील, कपडा, खाजा, नास्ता, पैसा आदि दलित बालवालिकालाई दिएर तथा तिनका अभिभावकलाई पनि विभिन्न सचेतीकरण कार्यक्रम गरी राष्ट्रिय शैक्षिक उद्देश्य प्राप्त गर्न सकिन्छ ।

### ४.१.४ बालवालिकाहरूको उपस्थिति

विद्यालयमा सार्की दलित, अन्य दलित र गैर दलित विद्यार्थीहरूको कक्षा उपस्थिति पत्ता लगाउनका लागि विद्यालयको हाजिरी खातामा रहेका कूल सार्की दलित, अन्य दलित र गैर दलित विद्यार्थीहरूको औषत उपस्थिति क्रमशः ६८.९६ प्रतिशत, ८८.३८ प्रतिशत र ९६.५९ प्रतिशत देखिएतापनि विद्यालय अवलोकन गर्दाका दिनमा देखिएको उपस्थिति विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३  बालवालिकाहरूको कक्षा उपस्थिति "जेठ २०६९"

| विद्यालय | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
|---|---|---|---|---|---|---|
| | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या |
| सरस्वती मा.वि.सुरूङ्गा-३, | ७ (१००) | ५ (७१) | ८० (१००) | ७० (८७.५) | २३० (१००) | २२० (९५.६५) |
| देवकोटा प्रा.वि.सुरूङ्गा-७ | १३ (१००) | १० (७६.९२) | ४२ (१००) | ४० (९५.२३) | १२३ (१००) | १२० (९७.५६) |
| जनचेतना नि.मा.वि.सुरूङ्गा-९ | ९ (१००) | ५ (५५.५५) | ३३ (१००) | २७ (८१.८१) | १७५ (१००) | १७० (९७.१४) |
| जम्मा | २९ (१००) | २० (६८.९६) | १५५ (१००) | १३७ (८८.३८) | ५२८ (१००) | ५१० (९६.५९) |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ३ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ । उल्लेखित तालिकामा के देखिन्छ भने अवलोकन गरेको दिनमा सरस्वती मा.वि.को प्राथमिक तहको उपस्थितिमा सार्की दलित संख्या ७ जनामा ५ जना (७१ प्रतिशत), अन्य दलितमा ८० जना मध्ये ७० जना (८७.५ प्रतिशत) र गैर दलित विद्यार्थीहरूको २३० जनामा २२० जना ( ९५.२३ प्रतिशत) र १२३ जना गैर दलित विद्यार्थीहरू मध्ये १२० जना (९७.५६ प्रतिशत) उपस्थिति भएको पाइयो भने जनचेतना नि.मा.वि.को प्राथमिक तहमा ९ जना सार्की दलित मध्ये ५ जना (५५.५५ प्रतिशत), ३३ जना अन्य दलित मध्ये २७ जना (८१.८१ प्रतिशत) तथा १७५ गैर दलित विद्यार्थी मध्ये १७० जना (९७.१४ प्रतिशत) उपस्थिति भएको पाइयो ।

**तालिका ४ बालवालिकाहरूको कक्षा उपस्थिति “असार २०६९”**

| विद्यालय | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
|---|---|---|---|---|---|---|
| | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या |
| सरस्वती मा.वि.सुरूङ्गा-३, | ७ (१००) | ६ (८५.७१) | ८० (१००) | ७५ (९३.७५) | २३० (१००) | २२१ (९६.०८) |
| देवकोटा प्रा.वि.सुरूङ्गा-७ | १३ (१००) | ११ (८४.६१) | ४२ (१००) | ३९ (९२.८५) | १२३ (१००) | ११८ (९५.९३) |
| जनचेतना नि.मा.वि.सुरूङ्गा-९ | ९ (१००) | ७ (७७.७७) | ३३ (१००) | ३० (९०.९०) | १७५ (१००) | १६९ (९६.५७) |
| जम्मा | २९ (१००) | २४ (८२.७५) | १५५ (१००) | १४४ (९२.९०) | ५२८ (१००) | ५०८ (९६.२१) |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ४ मा विद्यार्थी संख्या को प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ । यस तालिकालाई अध्ययन गर्दा अवलोकान गरेको दिनमा सरस्वती मा.वि.को प्राथमिक तहको उपस्थितिमा सार्की दलित विद्यार्थी संख्या ७ जनामा ६ जना (८५.७१%), अन्य दलितमा ८० जना मध्ये ७५ जना (९३(७५%) र गैर दलित विद्यार्थीहरूमा २३० जना मध्ये २२१ जना (९६.०८%) उपस्थित भएको पाइयो । त्यसै गरि देवकोटा प्रा.वि.मा अध्ययन गर्ने १३ जना सार्की दलित मध्ये ११ जना (८४.६१%), ४२ जना अन्य दलित मध्ये ३९ जना (९२.८५%), १२३ जना गैर दलित विद्यार्थीहरू मध्ये ११८ जना (९५.९३%) उपस्थिति भएको पाइयो भने जनचेतना नि.मा.वि. को प्राथमिक तहमा ९ जना सार्की दलितमा ७ जना (८२.७५%), अन्य दलित ३३ जना मध्ये ३० जना (९०.९०%) तथा १७५ जना गैर दलित विद्यार्थी मध्ये १६९ जना (९६.५७%) उपस्थिति भएको पाइयो ।

तालिका ५ बालवालिकाहरूको कक्षा उपस्थिति "भाद्र २०६९"

| विद्यालय | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
|---|---|---|---|---|---|---|
| | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या |
| सरस्वती मा.वि.सुरूङ्गा-३, | ७ (१००) | ६ (८५.७१) | ८० (१००) | ७२ (९०.००) | २३० (१००) | २२५ (९७.८२) |
| देवकोटा प्रा.वि.सुरूङ्गा-७ | १३ (१००) | १० (७६.९२) | ४२ (१००) | ३८ (९०.४७) | १२३ (१००) | ११९ (९६.७४) |
| जनचेतना नि.मा.वि.सुरूङ्गा-९ | ९ (१००) | ८ (८८.८८) | ३३ (१००) | ३० (९०.९०) | १७५ (१००) | १७० (९७.१४) |
| जम्मा | २९ (१००) | २४ (८२.७५) | १५५ (१००) | १४० (९०.३२) | ५२८ (१००) | ५१४ (९७.३४) |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ५ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ । माथिको तालिकामा के देखिन्छ भने अवलोकन गरेको दिनमा सरस्वती मा.वि.को प्राथमिक तहको उपस्थितिमा सार्की दलित विद्यार्थी संख्या ७ जनामा ६ जना (५०.७१%), अन्य दलित विद्यार्थी संख्या ८० जना मध्ये ७२ जना (९०.००%) र २३० जना गैर दलित विद्यार्थी मध्ये २२५ जना (९७.८२%) उपस्थिति भएको पाइयो । त्यसैगरी देवकोटा प्रा.वि.मा अध्ययन गर्ने १३ जना सार्की दलित विद्यार्थी मध्ये १० जना (७६.९२%), अन्य दलित ४२ जना मध्ये ३८ जना (९०.४७%) र गैर दलित विद्यार्थी १२३ जना मध्ये ११९ जना (९६.७७%) उपस्थिति भएको पाइयो भने जनचेतना नि.मा.वि.को प्रा.वि. तहमा भर्ना भएका ९ जना सार्की दलित मध्ये ८ जना (८८.८८%), अन्य दलित ३३ जना मध्ये ३० जना (९०.९०%) र गैर दलित १७५ जना मध्ये १७० जना (९७.१४%) उपस्थित भएको पाइयो ।

### तालिका ६ तीनवटै विद्यालयको समग्र उपस्थिति विवरण

| क्र. सं. | महिना २०६९ | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या | जम्मा संख्या | उपस्थिति संख्या |
| १ | जेठ | २९ (१००) | २० (६८.९६) | १५५ (१००) | १३७ (८८.३८) | ५२८ (१००) | ५१० (९६.५९) |
| २ | असार | २९ (१००) | २४ (८२.७५) | १५५ (१००) | १४४ (९२.९०) | ५२८ (१००) | ५०८ (९६.२१) |
| ३ | भाद्र | २९ (१००) | २४ (८२.७५) | १५५ (१००) | १४० (९०.३२) | ५२८ (१००) | ५१४ (९७.३४) |
| औषत मान प्रतिशतमा | | (१००) | (७८.१५) | (१००) | (९०.५३) | (१००) | (९६.७१) |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ६ मा विद्यार्थी संख्याको प्रतिशतलाई केष्ठकभित्र राखिएको छ । उल्लेखित तालिकालाई अध्ययन गर्दा तीन महिनाको उपस्थिति विवरणमा सार्की दलितको उपस्थिति जेठ महिनामा ज्यादै न्यून वा २९ जना मध्ये २० जना (६८.९६%) मात्र देखिन्छ, अन्य दलितको १५५ जना मध्ये १३७ जना (८८.३८%) र गैर दलित विद्यार्थी ५२८ जना मध्ये ५१० जना (९६.५९%) रहेको पाइयो । असार महिनामा अवलोकन गरिएको दिनको सार्की दलित जम्मा २९ जना मध्ये २४ जना (८२.७५%), अन्य दलित १५५ जना मध्ये १४४ जना (९२.९०%) गैर दलित विद्यार्थी संख्या ५२८ जना मध्ये ५०८ जना (९६.२१%) उपस्थिति भएको पाइयो । त्यसै गरी भाद्र महिनामा अवलोकन गरिएको दिनमा सार्की दलित २९ जना मध्ये २४ जना (८२.७५%) वा असार महिनाको जतिनै पाइयो भने अन्य दलित १५५ जना मध्ये १४० जना (९०.३२%) तथा गैर दलित विद्यार्थी संख्या ५२८ जना मध्ये ५१४ जना ( ९७.१४%) उपस्थिति रहेको पाइयो । समग्रमा यी तालिकाबाट के प्रष्ट हुन्छ भने गैर दलित विद्यार्थीका तुलनामा सार्की दलित तथा अन्य दलित विद्यार्थीहरूका तुलनामा सार्की दलित दुबै समूहभन्दा कम उपस्थिति भएको पाइयो । यसरी सार्की दलित विद्यार्थी भन्दा गैर दलित तथा अन्य दलित विद्यार्थीहरूको कक्षा उपस्थिति बढी तथा नियमितता भएको देखिन्छ । सार्की दलित विद्यार्थीहरूको उपस्थिति सम्बन्धमा प्रधानाध्यापक, शिक्षक लगायत अधिकांश

उत्तरदाताबाट गा.वि.स.का प्राय सार्की तथा अन्य दलितहरू आफ्नो दैनिक गुजारा गर्न ज्यालादारी काममा जानुपर्ने भएकाले केटा केटीहरू विद्यालय गए/नगएको वास्ता नगर्ने, शिक्षाप्रतिको कम चासो दिएकाले, कहिले काँही घरमै हेरचाह गर्नुपर्ने, अलि ठूलो भएपछि साना भाइ बहिनी हेर्नु पर्ने बाध्यताले नियमित विद्यालय नआउने गरेको प्रतिक्रिया प्राप्त भयो । यसरी हेर्दा उनीहरू नियमित विद्यालय उपस्थिति नहुनुमा गरिबी तथा शिक्षाप्रतिको उदासिनतानै प्रमुख कारण देखिन्छ ।

### ४.१.५ बीचैमा कक्षा छाड्ने र दोहोऱ्याउने अवस्था

सोधकर्ताले अध्ययन स्थलको स्थलगत सर्वेक्षण गरी छनौटका क्षेत्रमा अध्ययनरत विद्यालयहरूबाट प्राप्त अभिलेख अनुसार सार्की दलित, अन्य दलित र गैर दलित बालवालिकाहरूको कक्षा छाड्ने र दोहोऱ्याउने दर भिन्ना भिन्नै तालिकामा निम्नानुसार देखाइएको छ ।

तालिका ७ बालवालिकाको कक्षा छाड्ने दर

| विद्यालय | प्राथमिक तहमा | | | | | |
|---|---|---|---|---|---|---|
| | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
| | भर्ना संख्या | कक्षा छाड्ने | भर्ना संख्या | कक्षा छाड्ने | भर्ना संख्या | कक्षा छाड्ने |
| सरस्वती मा.वि. सुरूङ्गा-३ | ७ (१००) | १ (१४.२८) | ८० (१००) | ० (०) | २३० (१००) | ० (०) |
| देवकोटा प्रा.वि. सुरूङ्गा-७ | १३ (१००) | ० (०) | ४२ (१००) | १ (२.३८) | १२३ (१००) | ० (०) |
| जनचेतना नि.मा.वि. सुरूङ्गा-९ | ९ (१००) | ० (०) | ३३ (१००) | ० (०) | १७५ (१००) | ० (०) |
| **जम्मा** | २९ (१००) | १ (३.४४) | १५५ (१००) | १ (०.६४) | ५२८ (१००) | ० (०) |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ७ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ । उपरोक्त तालिका अध्ययन गर्दा ३ वटै विद्यालयका प्राथमिक तहमा कक्षा छाड्ने प्रवृत्ति चाहि कम

देखियो । सरस्वती मा.वि.को प्राथमिक तहमा भर्ना भएका ७ जना सार्की दलित मध्ये १ जना (१४.२८%) ले मात्र कक्षा छाडेको र अन्य दलित तथा गैर दलित विद्यार्थीहरूले कक्षा नछाडेको पाइयो तर देवकोटा प्रा.वि.मा १३ जना सार्की दलित भर्ना भएकोमा कसैले पनि कक्षा नछाडेको र अन्य दलित ४० जना भर्ना भएकोमा १ जना (२.३८%) ले कक्षा छाडेको र गैर दलित विद्यार्थीहरूले कक्षा नछाडेको पाइयो भने जनचेतना नि.मा.वि.को प्राथमिक तहमा भने सार्की दलित, अन्य दलित र गैर दलित कुनै पनि समूहका विद्यार्थीहरूले कक्षा नछाडेको पाइयो ।

समग्रमा भन्ने हो भने ३ वटै विद्यालयमा भर्ना भएका जम्मा २९ जना सार्की दलित मध्ये १ जना (३.४४%) ले कक्षा छाडेको पाइयो । अन्य दलित जम्मा भर्ना भएका १५५ जना मध्ये १ जना (०.६४%) ले कक्षा छाडेको पाइयो तर गैर दलित भर्ना भएको ५२८ जनामा कसैले पनि कक्षा नछाडेको पाइयो । यसरी अध्ययन गर्दा के प्रष्ट हुन्छ भने सार्की दलितका बालवालिकाहरूले कक्षा छाड्ने दर अन्य दलित तथा गैर दलित विद्यार्थी भन्दा उच्च रहेको पाइन्छ । यसरी कक्षा छाड्ने प्रवृत्तिले अत्याधिक शैक्षिक क्षति भएकाले “सबैका लागि शिक्षा” भन्ने राष्ट्रिय संकल्पमा ठूलो चुनौति थपेको प्रष्ट हुन्छ ।

## तालिका ८ बालवालिकाको कक्षा दोहोऱ्याउने दर

| विद्यालय | प्राथमिक तहमा | | | | | |
|---|---|---|---|---|---|---|
| | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
| | भर्ना संख्या | कक्षा दोहोऱ्याउने | भर्ना संख्या | कक्षा दोहोऱ्याउने | भर्ना संख्या | कक्षा दोहोऱ्याउने |
| सरस्वती मा.वि. सुरूङ्गा-३ | ७ (१००) | १ (१४.२८) | ८० (१००) | २ (२.५) | २३० (१००) | २ (०.८६) |
| देवकोटा प्रा.वि. सुरूङ्गा-७ | १३ (१००) | ३ (२३.०७) | ४२ (१००) | ४ (९.५२) | १२३ (१००) | ३ (२.४३) |
| जनचेतना नि.मा.वि. सुरूङ्गा-९ | ९ (१००) | १ (११.११) | ३३ (१००) | १ (३.०३) | १७५ (१००) | ५ (२.८५) |
| **जम्मा** | २९ (१००) | ५ (१७.२४) | १५५ (१००) | ७ (४.५१) | ५२८ (१००) | १० (१.८९) |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ८ मा विद्यार्थी संख्या को प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ । यस तालिकामा शैक्षिक सत्र २०६९ सालको प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ । जसमा सरस्वती मा.वि.मा भर्ना भएका कूल ७ जना सार्की दलित मध्ये १ जना (१४.२८%), देवकोटा प्रा.वि.मा भर्ना भएका १३ सार्की दलित मध्ये ३ जना (२३.०७%) र जनचेतना नि.मा.वि.को प्रा.वि. तहमा भर्ना भएका ९ जना सार्की दलित मध्ये १ जना (११.११%) गरी जम्मा २९ जना सार्की दलित मध्ये ५ जना (१७.२४%) ले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी तुलनात्मक अध्ययन गर्दा ३ वटै अध्ययन क्षेत्रका ३ वटै विद्यालयमा भर्ना भएका अन्य दलित जम्मा १५५ जना मध्ये ७ जना (४.५१%) र गैर दलित जम्मा ५२८ मध्ये १० जना (१.८९%) ले मात्र कक्षा दोहोऱ्याएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने सार्की दलित विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने प्रतिशत अन्य दलित तथा गैर दलित विद्यार्थीहरू भन्दा बढी भएको पाइयो ।

### ४.१.६ शैक्षिक क्रियाकलापमा विद्यार्थीको सहभागिता

पूर्ण व्यक्तित्व विकासको लागि विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, नैतिक, संवेगात्मक आदि पक्षहरूको सकारात्मक विकास हुनुपर्दछ । यी विभिन्न पक्षहरूको विकास गराउन विदालयले पढाइ लेखाइको अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी त्यसको लेखाजोखा राख्नुपर्दछ । अनुसन्धानकर्ताले प्रत्यक्ष अवलोकन गर्दा अध्ययन क्षेत्रमा परेका ३ वटै विद्यालयमा विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासको लागि विभिन्न अतिरिक्त क्रियाकलापहरू, अनुशासन, व्यक्तिगत सरसफाइ, सार्थीहरूसँगको सम्बन्ध, शिक्षकसँगको अर्न्तक्रिया, छलफलमा सरिक हुने आदि सञ्चालनमा रहेको पाइयो । यी सम्पूर्ण गतिविधिलाई शैक्षिक क्रियाकलापको रूपमा लिइएको छ । २०६८ सालको शैक्षिकसत्रमा अध्ययनरत ३ वटा विद्यालयको प्राथमिक तहमा सार्की दलित विद्यार्थीहरू जम्मा २९ जना रहेको पाइयो । ती सबै सार्की दलित विद्यार्थीहरू २९ जना, अन्य दलित विद्यार्थी २९ जना र गैर दलित विद्यार्थी २९ जना गरी जम्मा ८७ जनालाई अन्तर्वार्ता र अवलोकन गरिएको थियो । विभिन्न शैक्षिक क्रियाकलापमा विद्यार्थीको सहभागिता तथा कार्य सम्पादनलाई उत्तम, मध्यम र निम्न गरी तीन तहमा वर्गीकरण गरिएको छ । यसमा सार्की दलित, अन्य

दलित र गैर दलित विद्यार्थीहरूको कार्य सम्पादनको तुलनात्मक अध्ययनको सारांशलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ शैक्षिक क्रियाकलापमा विद्यार्थीहरूको सहभागिता

| शैक्षिक क्रियाकलाप | उत्तम | | | मध्यम | | | निम्न | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सार्की दलित विद्यार्थी | अन्य दलित विद्यार्थी | गैर दलित विद्यार्थी | सार्की दलित विद्यार्थी | अन्य दलित विद्यार्थी | गैर दलित विद्यार्थी | सार्की दलित विद्यार्थी | अन्य दलित विद्यार्थी | गैर दलित विद्यार्थी |
| गृहकार्य गर्ने | ५ (१७.२४) | ६ (२०.६८) | १६ (५५.१७) | १२ (४१.३७) | १० (२४.४८) | ९ (३१.०३) | १२ (४१.३७) | १४ (४८.२७) | ४ (१३.७९) |
| शिक्षकले सोधेका प्रश्नको उत्तर दिने | ६ (२०.६८) | ७ (२४.१३) | ११ (३७.९३) | ११ (३७.९३) | १२ (४१.३७) | १३ (४४.८२) | १२ (४१.३७) | १० (३४.४८) | ५ (१७.२४) |
| शिक्षकलाई प्रश्न सोध्ने | ४ (१३.७९) | ५ (१७.२४) | १३ (४४.८२) | १० (३४.४८) | १२ (४१.३७) | १० (३४.४८) | १५ (५१.७२) | १२ (४१.३७) | ६ (२०.६८ |
| सार्थीहरूको सम्बन्ध | ७ (२४.१३) | ८ (२७.५८) | १२ (४१.३७) | १३ (४४.८२) | १४ (४८.२७) | ११ (३७.९३) | ९ (३१.०३) | ७ (२४.१३) | ६ (२०.६८) |
| अतिरिक्त क्रियाकलाप | ५ (१७.२४) | ६ (२०.६८) | १० (३४.४८) | १४ (४८.२७) | १५ (५१.७२) | १२ (४१.३७) | १० (३४.४८) | ८ (२७.५८) | ७ २४.१३) |
| अनुशासन | ८ (२७.५८) | ५ (१७.२४) | १० (३४.४८) | १२ (४१.३७) | १२ (४१.३७) | १० (३४.४८) | ९ (३१.०३) | १२ (४१.३७) | ९ (३१.०३) |
| छलफल | ४ (१३.७९) | ५ (१७.२४) | ९ (३१.०३) | १५ (५१.५०) | १४ (४८.४८) | १५ (५१.७२) | १० (३४.४८) | १० (३४.४८) | ५ (१७.२४) |
| व्यक्तिगत सरसफाइ | ६ (२०.६८) | ७ (२४.७९) | १२ (४१.३०) | १२ (४१.३०) | १० (३४.४८) | १० (३४.४८) | ११ (३७.९३) | १० (३४.४८) | ७ (२४.७९) |
| औसत % | २०.६८ | २०.६८ | ४१.३७ | ४१.३७ | ४१.३७ | ३७.९३ | ३७.९३ | ३४.४८ | २४.१३ |

स्रोत: स्थलगत अध्ययन, २०६९

तालिका ९ मा विद्यार्थी संख्याको प्रतिशतलाई कोष्ठकभित्र राखिएको छ । यस तालिकामा प्रस्तुत गरिएका शैक्षिक क्रियाकलापमा विद्यार्थीहरूको सहभागितालाई निम्नानुसार विश्लेषण गरिएको छ ।

#### ४.१.६.१ गृहकार्य गर्ने

शैक्षिक क्रियाकलापमा विद्यार्थीहरूको सहभागितामा गृहकार्य गरेर शिक्षकलाई देखाउने कार्यमा सार्की दलित विद्यार्थीहरू उत्तम वर्गमा ५ जना (१७.२४%), अन्य दलित ६ जना (२०.६८%), गैर दलित विद्यार्थी १६ जना (५५.१७%) रहेका छन् । मध्यम वर्गमा सार्की दलित ९ जना (३१.०३%) तथा निम्न वर्गमा सार्की दलित १२ जना (४१.३७%), अन्य दलित १४ जना (४८.२७%) र गैर दलितमा ४ जना (१७.२४%) रहेको पाइयो । यसरी तुलनात्मक अध्ययन गर्दा सार्की दलितको सहभागिता उत्तम वर्गमा कम र अन्य वर्गमा बढी भएको पाइयो ।

#### ४.१.६.२ शिक्षकले सोधेका प्रश्नको उत्तर दिने

शिक्षकले सोधेका प्रश्नको जवाफ दिने वा सिकाइको क्षमता भएको विद्यार्थी संख्यामा पनि सार्की दलित, अन्य दलित तथा गैर दलित विद्यार्थीका तुलनामा निकै कमजोर देखिन्छन । शिक्षकले सोधेका प्रश्नको उत्तर दिने उत्तम वर्गमा सार्की दलित ६ जना ( २०.६८%), अन्य दलित ७ जना (२४.१३%) र गैर दलित ११ जना (३७.९३%), मध्यम वर्गमा सार्की दलित ११ जना (३७.९३%), अन्य दलितमा १२ जना (४१.३७%) र गैर दलितमा १३ जना (४४.८२%) तथा निम्न वर्गमा सार्की दलित १५ जना (५१.७२%), अन्य दलित १२ जना (४१.३७%) र गैर दलितमा ६ जना (२४.१३%) रहेको पाइन्छ ।

#### ४.१.६.३ शिक्षकलाई प्रश्न सोध्ने

शिक्षकलाई प्रश्न सोध्ने अन्तरक्रियामा पनि सार्की दलित विद्यार्थीहरू निकै कमजोर देखिन्छन् । सार्की दलित उत्तम वर्गमा ४ जना (१३.७९%), मध्यम वर्गमा १० जना ( ३४.४८%) र निम्न वर्गमा १५ जना (५१.७२%) रहेको पाइन्छ । अन्य दलित उत्तम वर्गमा ५ जना (१७.२४%), मध्यम वर्गमा १२ जना (४१.३७%) र निम्न वर्गमा पनि १२ जना ( ४१.३७%) रहेको पाइन्छ तर गैर दलित विद्यार्थीहरू उत्तम वर्गमा १३ जना (४४.८२%), मध्यम वर्गमा १० जना (३४.४८%) र निम्न वर्गमा ६ जना (२०.६८%) रहेको पाइन्छ ।

#### ४.१.६.४ सार्थीहरूसँगको सम्बन्ध

सार्थीहरूसँगको सम्बन्धबारे अन्तरक्रिया गर्दा उत्तम वर्गमा सार्की दलित ७ जना (२४.१३%), अन्य दलित ८ जना (२७.५८%) र गैर दलित विद्यार्थी १२ जना (४१.३७%) साथै मध्यम वर्गमा सार्की दलित १३ जना (४४.८२%), अन्य दलित १३ जना (४४.८२%) र गैर दलित ११ जना (३७.९३%) तथा निम्‍ वर्गमा सार्की दलित ९ जना (३१.०३%), अन्य दलित ७ जना (२४.१३%) र गैर दलित ६ जना (२०.६८%) रहेको पाइयो । सार्थीहरूसँगको सम्बन्धबारे अध्ययन गर्दा सार्की दलित उत्तम वर्गमा पछि परेको र मध्यम वर्गमा केही समान रहेको र निम्न वर्गमा भने सार्की बालवालिकानै उच्च रहेको पाइयो ।

#### ४.१.६.५ अतिरिक्त क्रियाकलाप

अतिरिक्त क्रियाकलापमा सार्की दलित उत्तम वर्गमा, अन्य दलितको तुलनामा निकै नजिक देखिएता पनि गैर दलित विद्यार्थीको तुलनामा निकै कमजोर देखिन्छन् । मध्यम वर्गमा केहि समानता देखिएता पनि निम्न वर्गमा सार्की दलित समान हुन सकेका छैनन् । उत्तम वर्गमा सार्की दलितको संख्या ५ जना (१७.२४%), मध्यम वर्गमा १४ जना (४८.२७%) र निम्न वर्गम १० जना (३४.४८%) रहेको पाइन्छ । अन्य दलित उत्तम, मध्यम र निम्न वर्गमा क्रमशः ६ जना (२०.६८%), १५ जना (५१.७२%) र ८ जना (२७.५८%) तथा गैर दलित विद्यार्थीहरू उत्तम, मध्यम र निम्न वर्गमा क्रमशः १० जना (३४.४८%), १२ जना (४१.३७%) र ७ जना (२४.१३%) रहेको पाइयो ।

#### ४.१.६.६ अनुशासन

अनुशासनको हकमा सार्की दलित उत्तम वर्गमा ८ जना (२७.५८%), अन्य दलित ५ जना (१७.२४%) र गैर दलित १० जना (३४.४८%), मध्यम वर्गमा सार्की दलित १२ जना (४१.३७%), अन्य दलित १२ जना (४१.३७%) र गैर दलित १० जना (३४.४८%) तथा निम्न वर्गमा सार्की दलित ९ जना (३१.०३%), अन्य दलित १२ जना (४१.३७%) र गैर दलित ९ जना (३१.०३% रहेको पाइयो । तुलनात्मक रूपमा सार्की दलित अन्य समुदाय भन्दा कमजोर

स्थितिमानै छन् । गैर दलित निम्न वर्गमा समान पाइएता पनि उच्च वर्गमा उनीहरूकै बाहुल्यता छ ।

### ४.१.६.७ छलफल र व्यक्तिगत सरसफाइ

छलफलमा सार्की दलित मध्यमवर्गमा सहभागिता १५ जना (५१.७२%) देखियो तर उत्तम वर्गमा ४ जना (१३.७९%) ले मात्र भाग लिइएको पाइयो भने व्यक्तिगत सरसफाइमा पनि उत्तम वर्गमा सार्की दलित ६ जना (२०.६८%) मात्र, मध्यम वर्गमा १२ जना ( ४१.३०%) र निम्न वर्गमा ११ जना (३७.९३%) रहेको पाइयो । उत्तम वर्गमा गैर दलित विद्यार्थीकै बढी प्रतिशत रहेको पाइयो । यसरी सार्की दलित विद्यार्थीको व्यक्तिगत सरसफाइ गैर दलित, अन्य दलित विद्यार्थीहरूको तुलनामा केही कमजोर पाइयो ।

समग्रमा शैक्षिक क्रियाकलापका विभिन्न पक्षहरूलाई केलाउँदा सार्की दलित विद्यार्थीहरू अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा कमजोर पाइयो ।

## ४.२ बालवालिकाको शैक्षिक सहभागिता न्यून हुनका कारण र प्रभाव पार्ने तत्वहरू

अध्ययनको क्षेत्रभित्र पर्ने ३ वटै विद्यालय र तिनीहरूले ओगट्ने क्षेत्रभित्रका प्र.अ., शिक्षक, सार्की दलित विद्यार्थी, अन्य दलित विद्यार्थी, गैर दलित विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय बुद्धिजीवी, सार्की दलित विद्यार्थीका अभिभावक, अन्य दलित विद्यार्थीका अभिभावक र गैर दलित विद्यार्थीका अभिभावकसँग गरिएका प्रश्नावली, छलफल, अन्तरवार्ता, अवलोकन आदिबाट प्राप्त प्रतिक्रियाका आधारमा सार्की दलित विद्यार्थीहरूको शैक्षिक सहभागिता न्यून हुनका कारण तथा त्यसलाई प्रभाव पार्ने तत्वहरूलाई विभिन्न मुख्य बुँदा बनाइ व्याख्या र विश्लेषण गरिएको छ ।

सार्की दलित विद्यार्थीहरूको कक्षा छाड्ने र दोहोऱ्याउने दर पनि अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा निकै बढी नै छ । विद्यालय भित्र र बाहिर गरिने शैक्षिक क्रियाकलापमा पनि सार्की दलितहरू अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा

कमजोर पाइयो । सिकाइ, क्षमता, गृहकार्य, नियमितता, साथीहरूको सम्बन्ध, अतिरिक्त क्रियाकलाप र व्यक्तिगत सरसफाइ जस्ता बहु आयामिक शैक्षिक क्रियाकलापमा सार्की दलित विद्यार्थीहरू पछाडि छन् । यसरी सम्पूर्ण व्यक्तित्व विकासमा बहुआयामिक विकासमा बहुआयामिक शैक्षिक क्रियाकलापमा सार्की दलित बालवालिकाहरूको सहभागिता अन्य दलित तथा गैर दलित बालवालिकाहरूको तुलनामा न्यून पाइएको छ ।

विद्यार्थी भर्ना र शैक्षिक क्रियाकलापमा सार्की दलितहरूको न्यून सहभागिता हुनाका कारणहरू र प्रभाव पार्ने तत्वहरूको पहिचान गर्न हाल अध्ययन गरिएका तीनवटा सामुदायिक विद्यालयका प्राथमिक तहमा अध्ययनरत सार्की दलित बालवालिका २९ जना, अन्य दलित विद्यार्थीहरू २९ जना, गैर दलित विद्यार्थीहरू २९ जना, सार्की दलित विद्यार्थीका अभिभावकहरू ६ जना, अन्य दलित विद्यार्थीका अभिभावकहरू ६ जना, गैर दलित विद्यार्थीका अभिभावकहरू ६ जना, तीनवटै विद्यालयका शिक्षक शिक्षिकाहरू ६ जना, सम्बन्धित विद्यालयका प्रधानाध्यापक ३ जना, स्थानीय बुद्धिजीवीहरू ६ जना, तिनवटै विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू ६ जना गरी जम्मा १२६ जनासँग विभिन्न साधनहरू प्रयोग गरी उत्तर प्रतिक्रिया लिइएको थियो । माथि उल्लेखित उत्ररदाताहरूबाट आएका विभिन्न उत्तर र प्रतिक्रियाहरूलाई ८ वटा मुख्य बुँदाहरूमा वर्गीकरण गरिएको छ । उत्ररदाताहरूबाट प्राप्त उत्तरहरू र प्रतिक्रियाहरूलाई तालिका १२ मा उल्लेख गरिएको छ ।

तालिका १० बालवालिकाहरूको शैक्षिक सहभागिता न्यून हुनका कारण र प्रभाव पार्ने तत्वहरू

| कारण र प्रभाव पार्ने तत्व | सार्की दलित विद्यार्थी | अन्य दलित विद्यार्थी | गैर दलित विद्यार्थी | सार्की दलित वि. अ. | अन्य दलित वि.अ. | गैर दलित वि.अ. | शिक्षक शिक्षिका | प्र.अ. | स्थानीय बुद्धिजीवी . | वि.व्य.स. पदाधिकारी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अभिभावकको आर्थिक अवस्था | २९ (१००) | २९ (१००) | २४ (८२.७५) | ६ (१००) | ६ (१००) | ५ (८३.३३) | ६ (१००) | ३ (१००) | ६ (१००) | ६ (१००) | १२० (९५.२३) |
| जनचेतनाको कमी | १५ (५१.७२) | १९ (६५.५१) | १० (३४.४८) | ५ (८३.३३) | ५ (८३.३३) | ६ (१००) | ६ (१००) | ३ (१००) | ५ (८३३३) | ५ (८३.३३) | ७९ (६२.६९) |
| सामाजिक संरचना | १० (३४.४८) | १९ (६५.५१) | १० (३४४८) | ५ (८३.३३) | ४ (६६.६६) | १ (१६.६६) | ३ (५०.००) | १ (३३.३३) | ५ (८३.३३) | ४ (६६.६६) | ६२ (४९.२०) |
| पारिवारिक पृष्ठभूमि | १० (३४.४८) | ५ (१७.२४) | १० (३४.४८) | ५ (८३.३३) | ५ (८३.३३ | ६ (१००) | ५ (८३.३३) | ३ (१००) | ६ (१००) | ४ (६५.६६) | ५९ (४६.८२) |
| शैक्षिक सामाग्रीको उपलब्धता | २५ (८६.२७) | १९ (६५.५१) | १९ (६५.५१) | १ (१६.६६) | २ (३३३३) | ३ (५०) | १ (१६६६) | १ (३३.३३) | ५ (८३.३३) | ३ (५०) | ७९ (६२.६९) |
| दलितप्रति सरकारको दृष्टिकोण | १९ (६५.५१) | १९ (६५.५१) | १० (३४.४८) | ६ (१००) | ६ (१००) | ३ (५०) | ४ (६६.६६) | २ (६६.६६) | ३ (५०) | ४ (६६.६६) | ७६ (६०.३०) |
| परम्परागत व्यवसाय | ५ (१७.२४) | ५ (१७.२४) | १० (३४४८) | १ (१६.६६) | १ (१६.६६) | २ (३३.३३) | ५ (८३.३३) | १ (३३.३३) | ३ (५०) | २ (३३.३३) | ३५ (२७.७७) |
| विद्यार्थीप्रति शिक्षकको दृष्टिकोण | २५ (८६.२७) | १९ (६५.५१) | १५ (५१.७२) | ४ (६६.६६) | ४ (६६.६६) | ३ (५०) | १ (१६.६६) | १ (३३.३३ | २ (३३.३३ | २ (३३.३३ | ७६ (६०.३१) |

स्रोतः स्थलगत सर्वेक्षण, २०६९

नोट :- शिक्षक प्र.अ. स्थानीय बुद्धिजीवी विदालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकहरूको प्रतिक्रिया विभिन्न विद्यार्थीहरूवको भन्दा बढी पाइएको थियो ।

शैक्षिक क्षेत्रमा सार्की बालवालिकाहरूको सहभागिता न्यून हुनका कारण र त्यसलाई प्रभाव पार्ने तत्वहरूलाई तालिका १० बमोजिम निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ अभिभावकको आर्थिक अवस्था

कमजोर आर्थिक अवस्था भएका कारणले सार्की जातिका बालवालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता न्यून भएको उत्तर तथा प्रतिक्रिया दिनेहरूमा तालिका १० अनुसार सार्की दलित विद्यार्थी २९ जना (१००%), अन्य दलित विद्यार्थी २९ जना (१००%), गैर दलित विद्यार्थी २४ जना (८२.७५%), सार्की दलित अभिभावक ६ जना (१००%), अन्य दलित अभिभावक ६ जना (१००%), गैर दलित अभिभावक ५ जना (८३.३३%), शिक्षक शिक्षिका ६ जना (१००%), प्र.अ. ३ जना (१००%), स्थानीय बुद्धिजीवी ६ जना (१००%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ६ जना (१००%) रहेका छन् । जम्मा १२६ जना उत्तरदाताहरू मध्ये १२० जना (९५.२३%) ले कमजोर आर्थिकका कारणले सार्की दलित बालवालिकाको शिक्षामा सहभागिता कम भएको प्रतिक्रिया दिएका छन् ।

नेपालमा मानव सभ्यताको इतिहासलाई केलाएर हेर्ने हो भने कथित दलित समुदायहरू हजारौं वर्ष सम्म आर्थिक, सामाजिक, धार्मिक रूपमा दासता र अपहेलित भएर बस्नु परेको पाइन्छ । सार्की दलित तथा अन्य दलित समुदायहरू कलाकौशल र शारीरिक परिश्रममा महान भए पनि श्रम शोषण भएका कारणले उनीहरू आर्थिक रूपमा सबल र सक्षम हुन सकेनन् । अधिकांश सार्की दलितहरूको जग्गाजमिनमा आफ्नो स्वामित्व छैन । उद्योगधन्दा गर्न पुंजी छैन । ग्रामिण क्षेत्रका सार्की दलितसँग खेती गर्न आफ्नो जग्गा नभएकाले पेटपालो गर्न प्राय निम्नस्तरको ज्याला मजदूरी गर्न बाध्य छन् । गाँस, बास र कपास जस्ता आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि संघर्षरत सार्की दलितको लागि शिक्षा दोश्रो आवश्यकता भएकाले सार्की दलितहरूका लागि शिक्षामा सहभागिता न्यून भएको पाउन सकिन्छ ।

### ४.२.२ जनचेतनाको कमी

सार्की दलित जातिहरूमा शिक्षाप्रतिको जनचेतना कम भएका कारणले सामुदायिक प्रा. शिक्षामा शैक्षिक रहभागिता न्यून हुने कारणको उत्तर र प्रतिक्रिया दिनेहरूमा तालिका १० अनुसार अध्ययनरत सार्की दलित विद्यार्थीहरू १५ जना (५१.७२%), अन्य दलित विद्यार्थीहरू १९ जना (६५.५१%), गैर दलित विद्यार्थीहरू १० जना (३४.४८%), सार्की दलित अभिभावक ५ जना (८३.३३%), अन्य दलित अभिभावक ५ जना (८३.३३%), गैर दलित अभिभावक ६ जना (१००%), शिक्षक शिक्षिका ६ जना (१००%), प्र.अ. ३ जना (१००%), बुद्धिजीवी ५ जना (८३.३३%), विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ५ जना ( ८३.३३%) रहेका छन् । जम्मा १२६ जनासँग साक्षात्कार गरिएको थियो । ती मध्ये ७९ जना ६२.६९% ले जनचेतनाका अभावले गर्दानै सार्की जातिका बालवालिकाको शैक्षिक सहभागितामा कमि भएको प्रतिक्रिया दिएका छन् ।

शैक्षिक अभावका कारण सार्की दलितहरू वर्षौं देखि सिधा, सोझा र शारीरिक श्रममा सीमित भइ बौद्धिक क्षेत्रमा पछि परे । आर्थिक र सामाजिक उत्पीडनले सताइएका सार्की समुदायमा जनचेतनाको कमी छाइ रहयो । आफ्नो क्षमतामा विभिन्न अवरोध र बाधा पार गर्दै व्यक्तिगत प्रयासमा उच्च शिक्षा हाँसिल गरेका नगन्य सार्की दलितलाई राज्यले पनि उचित स्थान र अवसर दिन सकेको छैन । सार्की दलितहरूको सन्तुलित र समानुपातिक सहभागिता राज्यको उच्च तहमा हुन सकेको छैन । समुन्नत समाज र राष्ट्रमा बस्ने सबै जाति, क्षेत्र र लिङ्गको सन्तुलन गर्न सके मात्र स्वस्थ्य समाज र उन्नत राष्ट्रको कल्पना गर्न सकिन्छ । त्यसैले सार्की दलितमा शैक्षिक जनचेतना बढे आफ्नो गाँस काटेर भए पनि आफ्ना नानीहरूलाई गुणस्तरीय शिक्षा दिन शैक्षिक सहभागिता गराउने हिम्मत र आत्मविश्वास गर्ने थिए ।

### ४.२.३ सामाजिक संरचना

तालिका १० अनुसार सार्की जातिका बालवालिकाको प्राथमिक शिक्षामा सहभागिता कम हुनमा सामाजिक विभेद र हिनभावना भएको उत्तर र प्रतिक्रिया दिनेहरूमा सार्की

दलित विद्यार्थी १० जना (३४.४८%), अन्वय दलित विद्यार्थी १९ जना (६५.५१%), गैर दलित विद्यार्थी १० जना (३४.४८%), सार्की दलित अभिभावक ५ जना (८३.३३%), अन्य दलित अभिभावक ४ जना (६६.६६%), गैर दलित अभिभावक १ जना (१६.६६%), शिक्षक शिक्षिका ३ जना (५०%), प्र.अं १ जना (३३.३३%), स्थानीय बुद्धिजीवी ५ जना (८३.३३%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ४ जना (६६.६६%) गरी जम्मा ६२ जना ४९.२०% रहेका छन् ।

वास्तवमा नेपालका सार्की जातिहरू हिन्दु वर्ण व्यवस्था अनुसार शुद्र वर्णमा पारी युगौं देखि सामाजिक र धार्मिक रूपमा शोषण, वहिष्कार र तिरस्कार गरिएको पाइन्छ । समाजमा सार्की दलित र अन्य दलित वर्गलाई सानो जात वा अछुत जात मानी जन्म, मृत्यु, विवाह, पूजा-आजा जस्ता संस्कारमा विभेद गरिएको पाइन्छ । सार्की दलितहरू सबैले पुज्ने मन्दिरमा प्रवेश गरी पुज्न पाएका छैनन । कतिपय क्षेत्रहरूमा सार्की भएकै कारणले डेरा बस्न र आफूले उत्पादन गरेको दूध बेच्न नपाएको दृष्टान्त जगजाहेरनै छ । सार्की दलित तथा अन्य दलित व्यक्तिसँग गैर दलित व्यक्तिले वैवाहिक सम्बन्ध गाँसेमा त्यसको गैर दलितहरूले गरेको विरोध र अत्यचार पत्रपत्रिका तथा विद्युतीय माध्यमद्धारा सर्वत्र पढ्न र सुन्न पाइन्छ । विगतका तुलनामा वर्तमानमा सार्की दलितप्रति आंशिक सुधार भए पनि यस सुरूङ्गा गा.वि.स.मा अध्ययनरत सार्की दलित तथा अन्य दलितप्रति गरिने विभेदको प्रभाव परेको पाइन्छ । सार्की दलित विद्यार्थीहरूले न्यून रूपमा भएपनि विभेदको सिकार हुनु परेको छ भने गैर दलित विद्यार्थीहरूमा न्यून रूपमा भएपनि तल्ला जातले छोएको खान नहुने, घरभित्र पसाउन नहुने र उनीहरू सानो जातका हुन् भन्ने मनोवैज्ञानिक असर परेको पाइन्छ ।

वर्षौं देखि विभेदको सिकार बनेका सार्की दलितहरूलाई विभेदबाट मुक्त गर्न विभिन्न समयमा विभिन्न कानुन बने पनि यो पूर्ण रूपमा प्रभावकारी बन्न सकेको छैन । सार्की दलित वा अन्य दलित आफैं पनि रूढिग्रस्त सोच, दमित भावना, कुण्ठा र हिनताबोध आदिका कारणले ऐन, कानुन, नियमको खेलेर त्यसको उपभोग गर्न पर्याप्त आँट र हिम्मत गर्न सकिरहेका छैनन् । वर्षौं देखि रहेको हिन भावनाले पनि गैर दलितको तुलनामा शैक्षिक सहभागिता कम भएको हुन सक्छ ।

### ४.२.४ पारिवारिक पृष्ठभूमि

तालिका १० अनुसार पारिवारिक पृष्ठभूमिका कारण सार्की जातिका बालवालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता कम हुने प्रतिक्रिया दिनेहरूमा सार्की दलित विद्यार्थी १० जना (३४.४८%), अन्य दलित विद्यार्थी ५ जना (१७.२४%), गैर दलित विद्यार्थी १० जना (३४.४८%), सार्की दलित अभिभावक ५ जना (८३.३३%), गैर दलित अभिभावक ६ जना (१००%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ४ जना ( ६६.६६%) रहेका छन् । १२६ जना उत्तरदाता मध्ये ५९ जना ४६.८२% ले पारिवारिक पृष्ठभूमिका कारणले सार्की दलित विद्यार्थीहरू शैक्षिक सहभागितामा कम भएको प्रतिक्रिया वा उत्तर दिएका छन् ।

परिवार सचेत र बौद्धिक भए उनीहरूका नानीहरूलाई सहि मार्गमा हिनाउन सजिलो हुन्छ । भनिन्छ घर परिवारनै बालवालिकाको पहिलो पाठशाला हो । परिवारबाटनै बालवालिकाको मानसिक, शारीरिक, बौद्धिक, एवम् संवेगात्मक विकास शुरू हुन्छ । बालवालिकाले प्राप्त गर्ने शिक्षाको अवसरलाई सम्पन्न, विपन्न, उच्च एवम् निच जस्ता परिवारिक वातावरणले प्रभाव पारेको हुन्छ । शिक्षाप्रति नकारात्मक भावना भएका पारिवारिक पृष्ठभूमिमा बालवालिकाले शिक्षा लिनबाट बञ्चित हुने अवस्था आउँछ । परिवार सानो छ भने त्यस्ता परिवारको शिक्षामा पहुँच बढ्न सक्छ तर सार्की दलित परिवारको सन्दर्भमा परिवार संयुक्त छ । शैक्षिक र आर्थिक रूपमा कमजोर छन् । यसरी अनुसन्धान गर्दा कमजोर, नाजुक, निम्नस्तरको प्रतिष्ठा, काम र दाम पारिवारिक पृष्ठभूमि भएकाले सार्की जातिका बालवालिकाको शैक्षिक सहभागिता निम्न भएको पाउन  सकिन्छ ।

### ४.२.५ शैक्षिक समाग्रीको उपलब्धता

तालिका १० बमोजिम सार्की जातिका बालवालिकाको शैक्षिक सहभागिता कम हुनका कारण पर्याप्त शैक्षिक सामाग्रीको अभाव भन्ने उत्तर र प्रतिक्रिया दिनेहरूमा सार्की दलित विद्यार्थी २५ जना (८६.२७%), अन्य दलित विद्यार्थी १९ जना (६५.५१%), गैर दलित विद्यार्थी १९ जना (६५.५१%), सार्की दलित अभिभावक १ जना (१६.६६%), अन्य दलित

अभिभावक २ जना (३३.३३%), गैर दलित अभिभावक ३ जना (५०%), शिक्षक शिक्षिका १ जना (१६.६६%), प्र.अ. १ जना (३३.३३%), स्थानीय बुद्धिजीवी ५ जना (८३.३३%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ३ जना (५०%) गरी कूल ७९ जना (६२.६९%) रहेका छन् ।

बाल केन्द्रित शिक्षा सफल बनाउने महत्वपूर्ण शिक्षण प्रविधिमा शैक्षिक सामाग्रीलाई लिइन्छ । शैक्षिक सामाग्रीको अभावमा शिक्षण क्रियाकलापनै अधुरो हुन्छ । बाल मस्तिष्कमा सिकाइको धारणा बसाउन शैक्षिक सामाग्रीले महत्वपूर्ण भूमिका खेल्छ । सस्ता र आफ्नै क्षेत्रमा सजिलै उपलब्ध हुन सक्ने शैक्षिक सामाग्रीको प्रयोग गरी शैक्षिक क्रियाकलापलाई जीवन्त राख्न सक्नु पर्दछ । शैक्षिक सामाग्रीले शिक्षणमा विद्यार्थीहरूलाई आकर्षित गर्दछ । फलस्वरूप विद्यार्थीले सिकाइमा तथा अन्य शैक्षिक क्रियाकलापमा भाग लिन उत्सुक हुन्छन् । शैक्षिक सामाग्रीले शिक्षण सिकाइ उपलब्धिमूलक, प्रभावकारी र व्यवहारिक बनाउछ । सुरूङ्गा गा.वि.स.को अनुसन्धानका लागि छनौटमा परेका विद्यालयमा शैक्षिक सामाग्री प्रयोग गरी अध्यापन गरेको कम पाइयो । यस्तो अवस्थाले सार्की दलित मात्र हैन अन्य दलित तथा गैर दलित विद्यार्थीहरूले पनि शैक्षिक सहभागितामा कम आउन सक्छ ।

### ४.२.६ दलितप्रति सरकारको दृष्टिकोण

तालिका १० अनुसार सरकारको दलित सम्बन्धी कमजोर शिक्षा ऐन-कानुन भएका कारणले सार्की दलित विद्यार्थीहरू शैक्षिक सहभागितामा कमी भएको उत्तर तथा प्रतिक्रिया दिने सार्की विद्यार्थी १९ जना (६५.५१%), अन्य दलित विद्यार्थी १९ जना (६५.५१ %), गैर दलित विद्यार्थी १० जना (३४.४८ %), सार्की दलित अभिभावक ६ जना (१०० %), अन्य दलित अभिभावक ६ जना (१०० %), गैर दलित अभिभावक ३ जना (५० %), शिक्षक शिक्षिका ४ जना (६६.६६ %), प्र.अ. २ जना (६६.६६ %), स्थानीय बुद्धिजीवी ३ जना (५० %) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ४ जना (६६.६६ %) गरी जम्मा ७६ जना (६०.३१ %) रहेका छन् ।

शिक्षा, स्वास्थ्य, पोषण जस्ता आधारभूत आवश्यकताको परिपूर्ति र राज्यले निःसर्त गर्नु पर्दछ भन्ने मान्यता छ । शिक्षालाई व्यक्तिको जन्मसिद्ध अधिकारको रूपमा पनि परिभाषित गरिन्छ । यसै कारण नेपाल सरकारले पनि छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था शिक्षा नियमावली २०५९ को परिच्छेद २६ मा गरेको छ । यस व्यवस्था अन्तर्गत सामुदायिक विद्यालयले गरिबीको रेखामुनी रहेका दलित, जनजाति, महिला, अपाङ्ग लगायत अन्य विद्यार्थीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने छ । तर शिक्षा भन्दा पनि बढी आधारभूत आवश्यकता गाँस, बास, कपास, कपी, कलम, पाठयपुस्तक खरीद गर्ने क्षमताको परिपूर्ति गर्नु पर्ने हुन्छ । यस प्रति सरकारी नीति-नियममा ध्यान पुगेको पाइँदैन । सरकारले हालसालै लिने गरेको संस्थागत विद्यालयबाट प्राप्त मुनाफाको २५% आयकार र जम्मा आम्दानीको १% शिक्षा सेवा कर तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीबाट लिने १% आर्जन करबाट उठेको जम्मा रकमबाट दलित शिक्षा कोष खडा गरी अत्यन्त नाजुक र दयनीय अवस्थाका सार्की दलित बालवालिकालाई विभिन्न पक्षहरूमा सर-सुविधा दिएर विद्यालय शिक्षामा सहभागिता बढ्ने देखिन्छ ।

### ४.२.७ परम्परागत व्यवसाय

परम्परागत व्यवसाय अँगालेका कारण प्राथमिक शिक्षामा सहभागिता कम भएको उत्तर र प्रतिक्रिया दिनेहरूमा तालिका १० अनुसार सार्की विद्यार्थी ५ जना (१७.२४%), अन्य दलित विद्यार्थी ५ जना (१७.२४%), गैर दलित विद्यार्थी १० जना (३४.४८%), सार्की दलित अभिभावक १ जना (१६.६६%), अन्य दलित अभिभावक १ जना (१६.६६%), गैर दलित अभिभावक २ जना (३३.३३%), शिक्षक शिक्षिका ५ जना (८३.३३%), प्र.अ. १ जना ( ३३.३३%), स्थानीय बुद्धिजवी ३ जना (५०%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी २ जना (३३.३३%) गरी जम्मा ३५ जना २७.७७% रहेका छन् ।

परम्परागत व्यवसाय भन्नाले सार्की जातिले छाला जुत्ताको काम गर्नु पर्ने, विश्वकर्माले फलामको काम गर्नु पर्ने आदि स्थिति वर्णाश्रम व्यवस्था अन्तर्गत शुद्र वर्णले माथि उल्लेखित पेशा गर्नु पर्ने चलन बसाएका थिए । यसरी सार्की जातिले छालाको काम गर्नु पर्ने स्थितिले भूस्वामित्वबाट टाढा रहे । निश्चित पेशा नगर्ने सार्की दलितले

महाजनहरूको हली बस्ने पर्ने र तल्लो स्तरको ज्याला मजदूरी गर्नु पर्ने अवस्था थियो । परम्परागत रूपमा रहेका यस्ता पेशाहरूले आजसम्म पनि निरन्तरता पाइरहेको देखिन्छ । हुनत कुनै पनि काम सानो-ठुलो हुँदैन तर पनि व्यवसायीकीकरण तथा आधुनिकीकरण गर्न नसक्दा निम्नस्तरको काम र ज्यालामै सीमित छ । श्रमको उचित मूल्य नपाउनु र कामको इज्जत नभएकाले यो जाति आर्थिक र सामाजिक रूपमा पछि परिरहेको छ । फस्वरूप सार्की दलितहरूले आफ्ना नानीहरूलाई विद्यालय नपठाएर आफ्नै पेशामा बालश्रम गराउन बाध्य भएका छन् । त्यसकारण पेशागत समस्याका कारण सार्की जातिले आफ्ना बालवालिकालाई विद्यालय पठाउन सक्दैनन् ।

### ४.२.८ विद्यार्थीप्रति शिक्षकको दृष्टिकोण

तालिका १० अनुसार कमजोर विद्यार्थीहरूलाई शिक्षकले वेवास्था गर्दा सार्की दलित विदार्थीहरूको शैक्षिक सहभागिता कम भएको प्रतिक्रिया दिने सार्की दलित विद्यार्थीहर २५ जना (८६.२७%), अन्य दलित विद्यार्थी १९ जना (६५.५७%), गैर दलित विद्यार्थी १५ जना (५१.७२%), सार्की दलित अभिभावक ४ जना (६६.६६%), अन्य दलित अभिभावक ४ जना (६६.६६%), गैर दलित अभिभावक  ३ जना (५०%), शिक्षक शिक्षिका १ जना (१६.६६%), प्र.अ. १ जना (३३.३३%), स्थानीय बुद्धिजीवी २ जना (३३.३३%) र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी २ जना (३३.३३%) गरी कूल ७६ जना (६०.३१%) पाइएको छ ।

शिक्षक समाजको नेता हो, ज्ञानको खानी हो, आफू जलेर अरूलाई उज्यालो दिने बत्ती हो । विद्यार्थी एक कच्च पदार्थ हो जसलाई शिक्षक शिक्षिकाहरूले प्रशोधन गरी उपयुक्त स्वरूप दिन सक्नु पर्दछ । विद्यार्थी तेज दिमाग र सिकाइ चाँडै गर्न सक्ने छ भने शिक्षकले पनि उसलाई बढी ध्यान र जो विद्यार्थी निष्क्रिय छ भने उसलाई कम ध्यान दिने भन्ने आरोप विभिन्न क्षेत्रबाट आएको पाइन्छ । विशेष गरी सार्की दलित विद्यार्थी विभिन्न कारणले गर्दा कमजोर र सिकाइमा निष्क्रिय पाइएकाले उनीहरूको शैक्षिक क्रियाकलापमा कम सहभाति‍ता देखियो ।। ती कमजोर नानीहरूलाई शिक्षकले पनि वेवास्था गर्ने भएकाले उनीहरू शिक्षामा कम सहभागी भएको पाइयो । शिक्षकले समान रूपमा सबै जातजाति, धर्म, लिङ्ग, वर्ण, वर्ग, स्तर भएका नानीहरूलाई निष्पक्ष ढङ्गले विद्यालय शिक्षामा प्रत्यक्ष वा

परोक्ष रूपमा बालमनोविज्ञान बुझेर शैक्षिक क्रियाकलाप गर्न सके सार्की दलित लगायत अन्य दलित कमजोर गैर दलित विद्यार्थीहरूको उच्च मनोबल हुने थियो ।

## ४.३ बालवालिकाहरूको सहभागिता बढाउने उपायहरू

शिक्षा प्राप्त गर्नु सबै बालवालिकाहरूको जन्मसिद्ध नैसर्गिक अधिकार हो । सार्की दलित जातिलाई पनि अन्य दलित तथा गैर दलित सरहको समान शैक्षिक अवसर प्रदान गरिनु पर्दछ । सार्की जातिका बालवालिकाहरूलाई अन्य आम व्यक्ति सरह शिक्षाको माध्यमबाट कार्य सम्पादन र कार्य क्षमतामा बृद्धि गर्न सकिन्छ । यसरी शिक्षाको माध्यमबाट सार्की दलितहरूलाई दैनिक जीविकोपार्जन गर्ने क्षमतामा सुधार गरी उनीहरूलाई परिवर्तनमुखी कार्यक्रमहरूमा सहभागी बनाएर समाजलाई उनीहरूका समस्याप्रति संवेदनशील र सजग बनाउनु पर्छ । शैक्षिक अवसरहरू उनीहरूको प्रमुख अधिकारको रूपमा उठाउनु पर्ने पक्षमा विशेष ध्यान दिनुपर्छ । सार्की दलितवर्ग पनि राष्ट्रको उत्पादनशील मानव शक्ति हुन्, केवल शैक्षिक अवसर र चेतनाको कमीमा मात्र प्रमुख समस्या हो । त्यसैले सार्की दलितहरूलाई गैर दलित सरह शिक्षामा समान पहुँच पुऱ्याउनु हामी सबैको समान दायित्व हो ।

प्राप्त तथ्याङ्क र प्रतिक्रियाहरूको विश्लेषण गर्दा सार्की जातिका बालवालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता कम भएको देखिन्छ । उल्लेखित विद्यालय र सार्की दलित बालवालिकाहरूसँग सरोकार राख्ने विभिन्न पक्षहरूलाई प्रतिनिधित्व गर्ने १२६ जना उत्तरदाताहरूबाट प्राप्त शैक्षिक सहभागिता कम हुनाका कारण र प्रभाव पार्ने तत्वहरू र सार्की दलित विद्यार्थीहरूवको शैक्षिक क्रियाकलापलाई अध्ययन गर्दा सार्की जातिका बालवालिकाको सामुदायिक प्राथमिक विद्यालयमा सहभागिता बढाउन तल दिइएका उपायहरू अवलम्बन गर्नु पर्दछ ।

विद्यालयले सार्की बालवालिकाको क्षमता रूचि, पारिवारिक पृष्ठभूमि जस्ता पक्षहरूको गहन अध्ययन गरी विभिन्न शैक्षिक क्रियाकलापमा सहभागित हुन उत्प्रेरणा प्रदान गर्नु पर्दछ । पाउल स्टोन र ली रायका अनुसार समाजमा आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, शैक्षिक विविधता रहेका ठाउँमा सामाजिक जागरणको प्रयासबाट

सम्पूर्ण सार्की दलित तथा अन्य पछाडि परेका वर्गलाई अभिप्रेरित गर्न सकिन्छ भने झैँ शोषित-पीडित सार्की जातिलाई चेतना जागरण, राजनीतिक जागरण, सांस्कृतिक जागरण, आर्थिक सचेतना बढाउन सके सार्की बालवालिकालाई विद्यालय तर्फ आकर्षित गर्न सकिन्छ । सार्की बालवालिकालाई समाजमा आफ्नो समस्या अभिव्यक्त गर्न सक्ने, विभिन्न सामाजिक कार्यक्रममा सहभागी भई केही योगदान दिन सक्ने र आफ्ना पूर्खाहरूले परम्परागत रूपमा गर्दै आएका पेशालाई आधुनिकीकरण गरी पूर्ण व्यवसायीकरण गर्ने सीप विद्यालयले प्रदान गर्न सक्नु पर्छ ।

सार्की बालवालिकाको शैक्षिक सहभागिता बढाउन अमेरिकी व्यवस्थापन विद फ्रेडरिक हर्जवर्गले प्रतिपादन गर्नु भएको आरोग्य र अभिप्रेरणात्मक तत्वहरू झैँ कार्य सन्तुष्टिलाई बढी जोड दिइ सिथिलता र आलस्यपनलाई हटाई अभिप्रेरणाको काम सम्बन्धित विद्यालय र सम्पूर्ण सरोकारवालाहरूले अवलम्बन गर्न सके सार्की दलित विद्यार्थीहरूको प्राथमिक विदालयमा सहभागिता बढ्ने आधार सिर्जना हुन्छ । कमजोर आर्थिक अवस्थालाई उकास्नका लागि विभिन्न रोजगारका अवसरहरू प्रदान गर्ने, सार्की दलित अभिभावकलाई सामाजिक जागरणका लागि सचेतीकरण कार्यक्रमको व्यवस्था गर्ने , जातीय विभेद र हिनताबोधबाट मुक्त दिलाउने जस्ता कार्यक्रम सार्की दलित तथा अन्य दलित बस्तीहरूमा गरी उच्च सतर्कता अपनाउनु पर्दछ । समाजशास्त्रका पिता अगष्ट कोम्टेले संरचनात्मक कार्यवाद सिद्धान्त अनुसार समाजको बनावट, प्रकृति, ढाँचा, संस्कृति, संरचनालाई परिस्कृत गरी समानता, निष्पक्षता र सन्तुलन सामाजिक प्रणालीमा जोड दिए झैँ सार्की दलित जाति र तिनका बालवालिकाहरूलाई सामाजिक नियम, संरचना, आदि अनुसार निष्पक्ष, समान र सन्तुलन हिसाबबाट शिक्षण गराइयो भने प्राथमिक विद्यालयमा सार्की बालवालिकाहरूको सहभागिता बढ्ने महत्वपूर्ण आधार देखिन्छ ।

सार्की दलित तथा अन्य दलित वर्षौंसम्म दासत्वको बन्धनमा जकडिएको हुनाले अहिले कानुनी रूपमा उनीहरू स्वतन्त्र भए पनि यसको चेतना अधिकांश सार्की दलितमा छैन । अर्कोतिर गैर दलितहरूले पनि सार्की दलितलाई कथित अछुत र तल्लो जातको भन्ने भान मस्तिष्कमा लिइराखेका छन् । देशमा शिक्षित वा अगुवा दलितहरूले विभिन्न गैर सरकारी सघ-संस्था स्थापना गरेर दलितहरूलाई शिक्षा र चेतना दिने अभियान चलाइरहेका

भए पनि सुरूङ्गा गा.वि.स क्षेत्रमा यसको प्रभाव न्यून रहेको पाइन्छ । त्यसैले राज्यले विभिन्न अनौपचारिक प्रौढ शिक्षाका कार्यक्रम ल्याएर तथा गैर सरकारी संस्था तथा विद्यालय स्वयंले विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेर हिनताबोध, असक्षमता, पछौटेपनलाई हटाउन सक्नुपर्छ ।

सरकारको तर्फबाट पनि सार्की दलित तथा अन्य दलित वर्गलाई दीर्घकालीन रूपमा चल्ने स्पष्ट र दह्रो नीति नियम ल्याउनु पर्छ । सरकारले दिएको सरसुविधा झारो टार्ने काम मात्र भएको पाइन्छ । शिक्षा क्षेत्रमा सबैभन्दा अन्यायमा परेका र युगौं देखि पछाडि परेका सार्की जातिको शिक्षाको उत्थानको लागि सार्की दलित शिक्षा कोष खडा गरी पूर्ण छात्रवृत्तिको व्यवस्था गर्नु पर्ने देखिन्छ । विद्यालयले पनि श्रव्य, श्रव्यदृश्य शैक्षिक सामाग्रीहरूको व्यवस्था गर्नुपर्छ । अर्कोतिर शिक्षकहरूले पनि जान्ने, नजान्ने सबै विद्यार्थीहरूलाई समान व्यवहार गरी अझ कमजोरलाई अभिप्रेरणात्मक तत्वले उकासी शिक्षण गरे शिक्षण सिकाइ प्रभावकारी भई सार्की दलित तथा अन्य दलित विद्यार्थीहरूको सहभागिता बढ्न सक्छ ।

समग्रमा सार्की दलितहरूको परम्परा देखि चलिआएको पेशाको आधुनिकीकरण गर्न नसक्नुनै उनीहरूको आर्थिक उन्नतिको बाधक रहेको पाइयो । एउटै पेशा गैर दलितले गर्दा सम्मानित हुने, सार्की दलितले गर्दा हेय दृष्टिले हेर्ने परिपाटीको अन्त्य हुनुपर्दछ । सार्कीहरूको परम्परागत व्यवसायलाई राज्यले संरक्षण गरी उच्च सम्मान प्रदान गर्ने परिपाटीको व्यवस्था गर्नु पर्छ । समाजमा निष्पक्ष, समानता र सन्तुलको सामाजिक प्रणाली कायम भए स्वभाविक रूपमा सार्की दलित गुणस्तरीय शिक्षाको खोजी गर्छन् । यस अवस्थामा आफ्ना बालवालिकाहरूलाई विद्यालय भर्ना गर्न स्वतः स्फूर्तरूपमा उत्प्रेरित हुनेछन् । तब विद्यालय क्षेत्रभित्र पर्ने प्र.अ., शिक्षक शिक्षिका, विद्यार्थी, अभिभावक, बुद्धिजीवी, विद्यालय व्यवस्थापन समिति आदि सबै चनाखो भएर उपयुक्त कक्षा व्यवस्थापन र रूचिपूर्ण शिक्षणप्रति जोड दिए सार्की बालवालिकाको प्राथमिक विद्यालयमा सहभागिता बढाउन सकिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

यस सोधकार्यलाई पुर्णता दिने क्रममा अध्ययन क्षेत्रका नमुनामा परेका प्र.अ., शिक्षक शिक्षिका, विद्यार्थी, अभिभावक, बुद्धिजीवी आदिसँगको प्रत्यक्ष अन्तरवार्ता, प्रश्नावली, अवलोकन, अन्तरक्रिया, विद्यालय अभिलेख, पत्रपत्रिका, अनुसन्धानात्मक कृति जस्ता साधनहरूको समीक्षाको आधार र सोधकर्ताको अनुभव प्रयोग गरी सोधकार्य गरिएको छ। अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कको व्याख्या र विश्लेषण गरी प्राप्त गरिएको नतिजा, प्रतिफल वा उपलब्धिनै प्राप्ति हो। यस्तै अनुसन्धानको समग्र रूप, सार वा निचोड नै निष्कर्ष हो। अध्ययनको क्रममा प्राप्त भएका समस्या तथा समाधानका उपायहरूलाई सुझावका रूपमा लिन सकिन्छ। यस परिच्छेदमा सोध अध्ययनको उद्देश्य अनुरूप विभिन्न विधि र साधनहरूको प्रयोग गरेर प्राप्त गरिएका प्रतिक्रिया र तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी पाइएको प्राप्ति, निष्कर्ष र सुझावलाई प्रस्तुत गरिएको छ।

## ५.१ निष्कर्ष

अध्ययनको सिलसिलामा बस्तुगत तथा यथार्थ तथ्य सङ्कलनका लागि सुरूङ्गा गा.वि.स. अन्तर्गत ३ वटा प्राथमिक विद्यालयका विद्यार्थीहरूको भर्ना अवस्था हेर्दा सार्की जातिका बालवालिकाहरू भर्ना प्रतिशत, अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा न्यून पाइयो। अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षणको आधारमा प्रमुख समस्याको रूपमा सांस्कृतिक, आर्थिक, सामाजिक विभेद रहेको पाइयो। परम्परागत सोचाइ, अभिभावकसँगको भेटघाटमा कमी, व्यवहारिक शिक्षाको अभाव, शैक्षिक सामाग्रीको अभाव, आदिले गर्दा सार्की दलित विद्यार्थीहरूको कक्षा छाड्ने र दोहोऱ्याउने स्थिति पाइयो।

गृहकार्य, कक्षामा ध्यान दिएर सुन्ने, शिक्षकले सोधेको प्रश्नको जवाफ दिने, शिक्षकसँगको सम्बन्ध, साथीहरूसँगको सम्बन्ध, अतिरिक्त क्रियाकलाप, अनुशासन,

छलफलमा सरिक हुने, व्यक्तिगत सरसफाई जस्ता शैक्षिक क्रियाकलापमा सार्की दलित विद्यार्थीहरू अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा कमजोर भएको अवलोकनबाट प्राप्त भएको छ । तसर्थ शैक्षिक क्रियाकलापको सन्दर्भमा पनि सार्की दलित विद्यार्थीहरूको सहभागिता न्यून रहेको पाइयो ।

सामुदायिक प्राथमिक विद्यालयमा सार्की दलित विद्यार्थीहरूको सहभागिता कम हुनका कारण र प्रभाव पार्ने तत्वहरूमा कमजोर आर्थिक अवस्था, चेतनाको अभाव, सामाजिक विभेद र हिन भावना, पारिवारि पृष्ठभूमि, पर्याप्त शैक्षिक सामाग्रीके अभाव, सरकारको दलित प्रतिको फितलो र अस्पष्ट शिक्षा नीति, परम्परागत पेशा र व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न नसक्नु जस्ता पक्षहरू रहेको पाइयो ।

सार्की दलितहरूका विद्यालय शिक्षा प्राप्तिको मुख्य अवरोधको रूपमा रहेको उनीहरूको गरिबी तथा पछौटेपनलाई हटाउन रोजगारीका अवसर सृजना गरी सामाजिक गतिविधिमा उनीहरूको सहभागिता बृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । सार्की दलितहरूले अपनाउँदै आएको परम्परागत पेशालाई परिवर्तन गरी व्यवसायीकरण तर्फ आकर्षित हुने वातावरण सृजना गर्नु पर्ने देखिन्छ । विद्यालयसँग सम्बन्धित पाक्षहरूमा दलितहरूलाई हेर्ने दृष्टिकोणमा आफूलाई परिवर्तन गर्नुपर्छ । समुदायमा रहेको व्याप्त छुवाछुत, सामाजिक भेदभाव, जस्ता कुरीतिहरूलाई हटाउने प्रयासलाई निरन्तरता दिएमा सार्की दलितहरूको शिक्षामा सहभागिता बढ्ने देखिन्छ ।

## ५.२ सुझावहरू

सोधपत्रको प्राप्त तथ्याङ्कको सङ्कलन, व्याख्या, विश्लेषण, अध्ययन गर्ने क्रममा सम्बन्धित अध्ययन क्षेत्रमा संलग्न सार्की दलित विद्यार्थी, गैर दलित विद्यार्थी, प्रधानाध्यापक, शिक्षक/शिक्षिका, अभिभावक, स्थानीय बुद्धिजीवी, विद्यालय व्यवस्थापन समिति, विभिन्न बौद्धिक जगतबाट समेत समस्या समाधानका लागि दिइएका सुझावहरूलाई मध्यनजर गरी समस्याहरू समानार्थ सुझावहरू प्रस्तुत गरिएको छ । सर्वाङ्गीण व्यक्तित्व विकासको लागि विद्यालयमा सञ्चालन गरिने विभिन्न शैक्षिक क्रियाकलापमा पनि सार्की दलित

विद्यार्थीहरूको सहभागिताको स्थिति अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको तुलनामा न्यून पाइएकाले सार्की दलित विद्यार्थीहरूको अवस्था, जनचेतनाको कमी, सामाजिक विभेद र हिन भावना, पारिवारिक पृष्ठभूमि, पर्याप्त शैक्षिक सामाग्रीको अभाव, सरकारको दलित शिक्षा नीति, परम्परागत व्यवसाय, कमजोर र विद्यार्थीलाई शिक्षकले वेवास्था गर्नु जस्ता तत्वहरूले प्रभाव पारेको परिप्रेक्षमा सार्की जातिका बालवालिकाहरूको प्राथमिक शिक्षामा सहाभागिता बढाउने नीतिगत, अभ्यासगत, र अनुसन्धानात्मक तहमा निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.३.१ नीतिगत सुझावहरू

सार्की दलितहरू आर्थिक रूपमा कमजोर भएकाले आर्थिक अवस्था सुदृढ बनाउन रोजगारमूलक व्यवसायिक र जीवनपयोगी तालिमको व्यवस्था तथा चनेतनामूलक कार्यक्रममा सहभागिता गराइ विद्यालय शिक्षामा प्रेरित गर्नुपर्छ । सरकारले सार्की दलितहरूको आयको प्रमुख स्रोत रहेको परम्परागत पेशालाई आधुनिकीकरण र व्यवसायीकरण गर्न सार्की दलितहरूलाई तालिम दिने तथा आर्थिक सहयोग गर्ने नीति निर्माण गर्नु पर्दछ ।

समुदायमा रहेको छुवाछुत प्रथालाई हटाइ सामाजिक क्रियाकलापमा समेत सार्की दलितहरूलाई सहभागी बनाइ अगाडि बढाउनु पर्दछ । योग्यता, क्षमता र सीपको आधारमा हरेक क्षेत्रमा सार्की दलितहरूलाई रोजगारीको आरक्षण कोटा निर्धारण गरिनुका साथै विद्यालय शिक्षकमा समेत प्राथमिकता प्रदान गर्ने व्यवस्थालाई व्यवहारमा लैजानु पर्दछ । भूमिहिन तथा कुनै पनि व्यवसायमा नलागेका अत्यन्तै न्यून स्तरको श्रम गर्ने सार्की दलितहरूलाई विभिन्न व्यवसायमूलक तालिमहरू प्रदान गरी आफ्नै व्यवसाय सञ्चालन गर्न आर्थिक सहयोग गर्न र आवश्यक मात्रामा रोजगारको व्यवस्था गर्ने नीति बनाउनु पर्दछ ।

सरकारले गरेको लगानी पर्याप्त नभएकाले सार्की दलित बालवालिकाहरूलाई पूर्ण निःशुल्क शैक्षिक सामाग्री, पोशाक, छात्रवृत्ति, खाना तथा खाजाका व्यवस्था गरी उच्च

तहसम्मको अध्ययन का लागि प्रोत्साहन गरिनु पर्दछ । शिक्षित बेरोजगार सार्की दलितलाई राज्यको विभिन्न निकायहरूमा तल्लो संरचना देखि माथिल्लो संरचनासम्म उनीहरूको शैक्षिक योग्यता अनुसारको स्थान दिई नीति निर्माणमा समेत सहभागिता गराउनु पर्दछ । सार्की दलितहरूको शिक्षा र चेतना अभावका कारणले आफ्ना नानीहरूलार्य विद्यालय बढाउन नपाइएकाले यो समस्यालाई न्यूनीकरण गर्नका लागि राज्यले अनौपचारिक शिक्षाको माध्यमबाट सार्की दलितहरूलाई लक्षित गरी विभिन्न शिक्षा र चेतनाको प्रभावकारी योजना र कार्यक्रमको नीति अपनाउनु पर्दछ ।

सार्की दलितहरूलाई आर्थिक, शैक्षिक र सामाजिक पक्षहरूमा अन्य जातजाति सरहको स्थितिमा ल्याउन राज्यले सार्की दलितहरूलाई विशेष सहुलियत र सुविधा दिनुपर्छ । सरकारले सार्की दलितहरूलाई पिछडिएको जातिमा सुचिकृत गरी सुविधा प्रदान गर्ने र सार्की दलित शिक्षा कोष खडा गरी वैज्ञानिक तरिकारले सार्की बालवालिकाको छनौट गरेर उनीहरूको आधारभूत आवश्यकता पूरा गर्दै सामुदायिक विद्यालय पढ्न जाने वातावरण तयार पार्ने नीति राज्यले लिनुपर्दछ ।

### ५.४.२ अभ्यासगत सुझावहरू

सार्की दलित हरेक पक्षमा पछि परेकाले दलित उत्थान र विकासका लागि विगत देखि वर्तमानसम्म बनेका सम्पूर्ण ऐन, कानुन र नियमहरूलाई समय र परिस्थिति अनुसार पूर्ण रूपले कार्यान्वयन र अभ्यासमा ल्याई सार्की दलित बालवालिकाहरूलाई जुनसुकै शैक्षिक संस्थामा अध्ययन गर्दा पनि पूर्ण रूपमा विशेष सुविधाहरू उपलब्ध गराउनु पर्छ ।

विद्यालयका प्र.अ. शिक्षक तथा गैर दलित विद्यार्थीहरूबाट सार्की दलित विद्यार्थीहरूलाई मित्र व्यवहार गरिनु पर्दछ । सार्की दलितहरूलाई सचेत बनाई प्राप्त अधिकारको उपयोग गर्ने वातावरण तयार गरी समाजका बुद्धिजीवी, सामाजिक संघ-संस्था, राज्यका इकाइहरू, शिक्षक तथा गैर दलित जातिहरूले सार्की दलितहरूको आत्मसम्मान र आत्मस्वाभिमानको विकास गराउनु पर्दछ साथै समाजलाई जातीय विभेद र छुवाछुत मुक्त पार्ने अभ्यास गर्नु पर्दछ ।

अनुसन्धानका क्रममा अध्ययन गरिएको प्राथमिक शिक्षामा अध्ययनरत सार्की दलित विद्यार्थीहरूको शैक्षिक क्रियाकलापहरूमा सहभागिता अध्ययन गर्दा उनीहरू गैर दलित भन्दा निम्नस्तर रहेको पाइयो । उक्त तथ्यलाई मध्यनजर गरी सार्की दलित विद्यार्थीहरूलाई शैक्षिक क्रियाकलापमा सहभागी हुन, राम्रो नतिजा ल्याउन, कक्षा नछाड्न, विभिन्न क्षेत्रमा लक्ष्य हाँसिल गर्न विद्यालयका शिक्षकहरू, प्र.अ. र गैर दलित विद्यार्थीहरूले उनीहरूलार्य प्रोत्साहन गर्ने, उत्प्रेरित गर्ने र विभेद रहित व्यवहार गर्ने र विभिन्न शैक्षिक चेतनामूलक कार्यक्रमको आयोजना गरी सार्की दलितहरूलाई सहभागी गराई शिक्षाको महत्व बुझाउनु पर्दछ ।

बीचैमा पढाइ छाड्ने र नियमित विद्यालय नजाने सार्की दलित विद्यार्थीहरूलाई विद्यालयका सरोकारवालाहरूले विभिन्न गोष्ठी र सेमिनार गरी सार्की दलित विद्यार्थीको पक्षमा नीति बनाउन सरकारसँग माग गर्नु पर्दछ । न्यूनरूपमा भए पनि गैर दलित सार्थीहरूबाट जातको नाममा दुर्व्यवहार र समाजले पनि सानो जातका रूपमा हेरेकाले विद्यालयलाई जातीय विभेदरहित बनाउन विद्यालय सम्बद्ध सम्पूर्ण पक्षले इमान्दार भइ अगाडि बढ्नु पर्दछ ।

## ५.३.३ अनुसन्धानात्मक सुझावहरू

प्राथमिक शिक्षामा सार्की दलित विद्यार्थीहरूको सहभागिता बढाउन सम्बन्धित विद्यालयसँग सम्बद्ध सरोकारवालाहरूबाट छलफल, गोष्ठी, सेमिनार आदि सञ्चालन गरी विद्यार्थीको सहभागिता बढाउन र विद्यार्थी संलग्न हुन नसक्ने कारक तत्वहरको विश्लेषण गरी निराकरण गर्न विशेष पहल गर्नु पर्दछ । सरकारको तर्फबाट सार्की बालवालिका सहभागिता बढाउन विभिन्न प्रकारका अन्वेषण, अनुसन्धान तथा खोज गर्न आवश्यक आर्थिक, भौतिक एवं प्राज्ञिक सहयोगको व्यवस्था मिलाउनु पर्दछ । यसरी नै दलित उत्थानका लागि स्थापना भएको गैर सरकारी संस्थाहरूले प्राथमिक विद्यालय तथा अन्य उच्च तहमा सार्की दलित बालवालिकाहरूको पहुँच बृद्धि गर्न समुदायमा गई उनीहरूको वास्तविक समस्याहरू पहिचान गर्न अनुसन्धानमूलक कार्यहरू गर्नु पर्दछ ।

यो अध्ययन अनुसन्धानकर्ताको सीमित क्षेत्रमा रहेका सार्की दलित बालवालिकाहरूवको भर्ना, कक्षा छाड्ने तथा दोहोऱ्याउने दर पत्ता लगाई प्राथमिक शिक्षा प्राप्तिमा प्रभाव पार्ने तत्वहरूको खोजी गरी समाधानका उपायहरू सुझाइएकोले सार्की दलितहरूको शैक्षिक उपलब्धि तथा स्तरसँग सम्बन्धित अध्ययन गर्ने व्यक्ति, संस्था वा कुनै निकायलाई सन्दर्भ सामाग्रीको रूपमा प्रयोग गर्न सहायक सिद्ध हुन सक्नेछ ।

समाजका स्थानीय बुद्धिजीवी, समाजसेवी, शिक्षाविद, राजनीतिज्ञ तथा राज्यका स्थानीय इकाइले सार्की बालवालिकाको प्राथमिक शिक्षामा सहभागितामा बृद्धि गर्न सर्वेक्षण र अनुसन्धान गरी प्राथमिक शिक्षामा धेरै भन्दा धेरै सार्की जातिका विद्यार्थीहरूको सहजरूपमा अध्ययन गर्न पाउने वातावरण सृजना गर्नु पर्दछ ।

# सन्दर्भ सामाग्रीहरू


कट्टेल, बालचन्द्र, (२०६४), पाठ्यक्रम अध्ययन, कीर्तिपुर नयाँबजार, *न्यू हिरा बुक्स इन्टरप्राइजेज ।*

कोइराला, विद्यानाथ, खड्का, राजन बराल, राजकुमार (२०६३), *राज्यको पुनसंरचनामा दलित सहभागिता,* लेखक काठमाण्डौ ।

कोइराला, विद्यानाथ, (२०६८), *शिक्षामा वैकल्पिक चिन्तन (हो.स.)* काठमाण्डौं : सामाजिक अनुसनधान र सामाग्री विकासका लागि प्राज्ञिक मञ्च ।

खनाल, पेशल, २०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाण्डौं : सनलाइट पब्लिकेसन (स्टुडेन्ट्स बुक्स) ।

गौतम, हरि (२०६७०, *झापा दिग्दर्शन,* ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि., काठमाण्डौं ।

थापा, विजयकुमार, श्रेष्ठ, चन्द्रबहादुर, सिग्देल, शैलेन्द्रप्रसाद (२०६४), *व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,* भोटाहिटी काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

थपलिया, विमलादेवी, (२०६७), *दलित बालवालिकाहरूको शैक्षिक अवस्था* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाण्डौं शिक्षा क्याम्पस : काठमाण्डौं ।

पाण्डेय, मधुसुधन (२०६३), *नेपालका दलितहरू* काठमाण्डौ पैरवी प्रकाशन ।

पाण्डेय मधुसुधन (२०६४), *नेपालका पिछडा वर्गहरू,* काठमाडौं : सनलाइट पब्लिकेशन

भेट्वाल, उमराज (२०६६), *कुमाल जातिका बालवालिकाहरूको शैक्षिक स्थिति एक अध्ययन,* अप्रकाशित शोधपत्र त्रि.वि. शिक्षाशास्त्र संकय, महेन्द्र रत्न क्याम्पस, ताहाचल, काठमाण्डौ ।

लम्साल, हरिप्रसाद, (२०६४), *शैक्षिक परिवर्तन : अवधारणा, आवश्यकता र चुनौती,* शैक्षिक पत्रिका, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

लामिछाने, तेजप्रसाद, (२०६६), *छन्त्याल बालवालिकाको प्राथमिक शिक्षामा पहुँच* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पृथ्वीनारायण क्याम्पस : पोखरा ।

विश्वकर्मा, तीर्थ (२०६३), *राज्यको पुन : संरचनामा दलित सहभागिता* (दलित समुदायको शिक्षाामा पहुँच) टेकु, काठमाण्डौ : अफिस सपोर्ट सर्भिस सेन्टर छापाखाना प्रा. लि.

शर्मा, चिरञ्जिवी (२०५८) *शिक्षाका आधारहरू*, काठमाण्डौ एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूट्स ।

शर्मा चिरिञ्जीवी, शर्मा निर्मला (२०६३), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा*, काठमाण्डौं, एम.के. पब्लिकेशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, गोपीनाथ (समीक्षक), (२०६६), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू*, डिल्लीबजार, काठमाण्डौं : मकालु प्रकाशन गृह ।

शिक्षा ऐन (२०२८), *शिक्षा नियमावली, २०५९ (छैटौं संशोधन)*, (२०६७), काठमाण्डौं: बौद्धिक दर्पण प्रकाशन ।

सेरिड, (१९८७), *ग्रामिण नेपालका प्राथमिक विद्यालयमा विद्यालय छाड्ने कारणहरूको एक अध्ययन ।*

सेरिड, (१९९७), *दलित समुदायका शैक्षिक तथा सांस्कृतिक समस्या र समाधानका उपायहरू*, काठमाण्डौं : सेरिड ।

# अनुसूची : १

तालिका १

सार्की दलित, अन्य दलित तथा गैर दलित बालवालिकाहरूको कक्षा भर्ना विवरण :

| विद्यालय | प्राथमिक तहमा | | | | | |
|---|---|---|---|---|---|---|
| | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. .......................... | | | | | | |
| २. .......................... | | | | | | |
| ३. .......................... | | | | | | |
| | | | | | | |

# अनुसूची : २

तालिका २

सार्की दलित, अन्य दलित तथा गैर दलित बालवालिकाहरूको उपस्थिति विवरण :

| विद्यालय | प्राथमिक तहमा | | | | | |
|---|---|---|---|---|---|---|
| | सार्की दलित | | अन्य दलित | | गैर दलित | |
| | जम्मा वि.संख्या | उपस्थित संख्या | जम्मा वि.संख्या | उपस्थित संख्या | जम्मा वि.संख्या | उपस्थित संख्या |
| १. ……………… | | | | | | |
| २. ……………… | | | | | | |
| ३. ……………… | | | | | | |
| | | | | | | |

# अनुसूची : ३

तालिका ३

सार्की बालवालिकाहरूको कक्षा छोड्ने र दोहोऱ्याउने विवरण :

| विद्यालय | प्राथमिक तहमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा छोड्ने | | | | कक्षा दोहोऱ्याउने | | | | | | | |
| | सार्की दलित | | अन्य दलित | | गैर दलित | सार्की दलित | | अन्य दलित | | | गैर दलित | |
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १. …… | | | | | | | | | | | | |
| २. …… | | | | | | | | | | | | |
| ३. …… | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

# अनुसूची : ४

## प्रधानाध्यापकको लागि खुल्ला प्रश्नावली :

विद्यालयको नाम :
प्र.अ. को नाम : योग्यता :
लिङ्ग : तालिम प्राप्त/अप्राप्त
ठेगाना :

१. तपाईको विद्यालयमा कुन-कुन जातिका बालवालिकाको सहभागिता बढी छ ?

उत्तर :- ........................................................................................ ।

२. तपाईको विद्यालयमा सार्की बालवालिकाको भर्नाको स्थिति कस्तो रहेको छ ?

**उत्तरः-** ........................................................................................ ।

३. सार्की जातिका बालवालिका मध्ये छात्र वा छात्रा कसको भर्ना दर बढी छ ?

उत्तर :- ........................................................................................ ।

४. प्राथमिक तहमा भर्ना भएका सार्की बालवालिकाहरूको नियमित उपस्थिति के-कस्तो छ ?

**उत्तरः-** ........................................................................................ ।

**५.** तपाईको विद्यालयमा सार्की बालवालिकाहरूको कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दरको स्थिति कस्तो रहेको छ ?

६. सार्की जातिका बालवालिकाको कक्षा छाड्ने र दोहोऱ्याउने दर बढी हुनका कारण के-के हुन सक्छन् ?

**उत्तर :-** ........................................................................................ ।

७. प्राथमिक तहमा सार्की विद्यार्थीहरूलाई सहभागिता हुन प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

**उत्तरः-** ........................................................................................ ।

**८.** तपाईको विद्यालयमा दलित तथा अन्य दलित विद्यार्थीहरूले शिक्षा ऐन र नियमावली बमोजिम सुविधा प्राप्त गरेका छन् ? यदि छैनन् भने किन ?

**उत्तरः-** ........................................................................................ ।

**९.** सार्की दलित तथा अन्य दलित बालवालिकाहरूकवो विद्यालयमा पहुँच बृद्धि गर्न विद्यालयको तर्फबाट कुनै कार्यक्रम सञ्चालन गरिएका छन् ? छन् भने कस्ता कार्यक्रमहरू छन् ? यदि छन् भने के-कस्ता सुविधा प्राप्त गरेका छन् ? छैनन भने किन ?

**उत्तरः-** ........................................................................................ ।

**१०.** सार्की दलित तथा अन्य दलित बालवालिकाहरूको विद्यालयमा सहभागिता बृद्धि गर्न विद्यालयको तर्फबाट के-कस्ता कार्यक्रमहरू सञ्चालन गरिएका छन् ?

**उत्तरः-** ........................................................................................ ।

## अनुसूची : ५

### शिक्षकको लागि खुल्ला प्रश्नावली :

विद्यालयको नाम :
शिक्षकको नाम : तालिम :
योग्यता :
लिङ्ग : ठेगाना :
तह :

१. तपाईको कक्षामा कुन-कुन जातिका बालवालिकाको सहभागिता बढी छ ?
उत्तर :- ……………………………………………………………………………………… ।

२. तपाईको कक्षामा सार्की बालवालिकाको उपस्थिति कस्तो पाउनु भएको छ ?
**उत्तरः-** ……………………………………………………………………………………… ।

३. तपाईको कक्षामा सार्की विद्यार्थीहरूको नियमितताको अभावले सिकाइ उपलब्धिमा के-कस्तो असर पारेको छ ?
**उत्तरः-** ……………………………………………………………………………………… ।

४. सार्की जातिका बालवालिकाको उत्तीर्ण दरको अवस्था के-कस्तो छ ?
उत्तर :- ……………………………………………………………………………………… ।

५. प्राथमिक तहमा सार्की दलित, अन्य दलित तथा गैर दलित विद्यार्थीहरूको शैक्षिक क्रियाकलापमा सहभागिता र शैक्षिक उपलब्धिमा के-कस्ता भिन्नता पाउनु भएको छ ?
**उत्तर :-**
……………………………………………………………………………………… ।

६. सार्की दलित तथा अन्य दलित विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरित गर्न शिक्षकहरूको कस्तो भूमिका हुनुपर्छ ?
**उत्तरः-**
……………………………………………………………………………………… ।

७. सार्की दलित तथा अन्य दलित विद्यार्थीहरूको उपलब्धि स्तर बढाउन के गर्नु पर्ला ?
**उत्तरः-**
……………………………………………………………………………………… ।

८. सार्की बालवालिका अभिभावकहरू आफ्नो बालवालिकाको पढाईप्रति सचेत भएको पाउनु भएको छ ? यदि सचेत छैनन् भने शिक्षाप्रति सकारात्मक सोच विकास गराउन के गर्नु पर्ला ?
**उत्तरः-**
……………………………………………………………………………………… ।

९. तपाइको विचारमा सार्की बालवालिकाहरूको प्राथमिक तहमा पहुँच बढाउन के गर्नु पर्ला ?
**उत्तरः-**
……………………………………………………………………………………… ।

# अनुसूची : ६

## अध्ययनतर सार्की विद्यार्थीहरूको लागि अन्तर्वार्ता :

विद्यालयको नाम : कक्षा :

विद्यार्थीको नाम : उमेर :

ठेगाना : लिङ्ग :

अभिभावकको नाम :

१. तपाईको नाम के हो ? कति कक्षामा पढ्नुहुन्छ ?

उत्तर :- ........................................................................................... ।

२. तपाई पढेर भविष्यमा के-बन्ने इच्छा छ ? किन ?

**उत्तरः-** ........................................................................................... ।

३. तपाई नियमित विद्यालय आउनु हुन्छ ? यदि नियमित आउनु हुन्न भने किन ?

उत्तर :- ........................................................................................... ।

४. दलित साथीले र गैर दलित साथीहरूले कस्तो व्यवहार गर्नु हुन्छ ?

**उत्तरः-** ........................................................................................ ।

५. तपाईलाई शिक्षकहरूले कस्तो व्यवहार गर्नु हुन्छ ?

**उत्तरः-** ........................................................................................ ।

६. घरमा पढाई बाहेक के-के काम गर्नु हुन्छ ? बुवाआमा के काम गर्नु हुन्छ ?

**उत्तरः-** ........................................................................................ ।

७. अनियमित हुने साथीहरूलाई नियमित बढाउन र बीचैमा कक्षा छोड्नेलाई नछोड्ने बनाउन के गर्नुपर्ला जस्तो लाग्छ ?

**उत्तरः-** ........................................................................................ ।

८. तपाईले कक्षाकोठा क्रियाकलाप (प्रश्नउत्तर, कक्षाकार्य, हस्तलेखन आदि) र अतिरिक्त क्रियाकलाप ( चित्रकला, हस्तकला, गायन, नृत्य आदि) मा भाग लिनु भएको छ ? लिनुभएको छ भने कुन-कुन र छैन् भने किन ?

**उत्तरः-** ........................................................................................ ।

९. तपाईलाई आफ्नो पढाइ सहज बनाउन विद्यालयले, अभिभावकले र सरकारले के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

**उत्तरः-** विद्यालयको तर्फबाट ..........................

अभिभावकको तर्फबाट ........................

सरकारी तर्फबाट ..............................

# अनुसूची : ७

## अध्ययनरत अन्य दलित विद्यार्थीहरूको लागि अन्तर्वाता :

विद्यालयको नाम : कक्षा :

विद्यार्थीको नाम : उमेर :

ठेगाना : लिङ्ग :

अभिभावकको नाम :

१. तपाईको नाम के हो ? कति कक्षामा पढ्नुहुन्छ ?

उत्तर :- ........................................................................................................ ।

२. तपाईको भविष्यमा धेरै पढेर के गर्ने इच्छा छ ? किन ?

**उत्तरः-** ........................................................................................................ ।

३. तपाई के नियमित विद्यालय आउनुहुन्छ ? यदि नियमित हुनुहुनन भने किन ?

**उत्तरः-** ........................................................................................................ ।

४. तपाईको विद्यालयमा कुन-कुन जातका विद्यार्थीहरू छन् ?

**उत्तरः-** ........................................................................................................ ।

५. गैर दलित साथीसँग-सँगै बसी खेल्ने, खाजा खाने गर्नुभएको छ कि छैन् ?

**उत्तरः-** ........................................................................................................ ।

६. सार्की विद्यार्थीहरूसँग कस्तो सद्भाव छ ? सार्की र गैर दलित साथीहरूमा के फरक पाउनु भएको छ ?

**उत्तरः-** ........................................................................................................ ।

७. शिक्षकले तपाई र गैर दिलत साथीबीच फरक व्यवहार (होऱ्याउने, अपशब्द प्रयोग गर्ने आदि) गर्ने पाउनु भएको छ ?

**उत्तरः-**

........................................................................................................ ।

८. सार्की दलित र अन्य दलित विद्यार्थीहरूको शैक्षिक पहुँच बढाउन क-कसले के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?

**उत्तरः-**

........................................................................................................ ।

# अनुसूची : ८

अध्ययनतर गैर दलित विद्यार्थीहरूको लागि अन्तर्वाता :

विद्यालयको नाम ::

विद्यार्थीको नाम : कक्षा :

ठेगाना : उमेर :

अभिभावकको नाम : लिङ्ग :

१. तपाईको नाम के हो ? कति कक्षामा पढ्नु हुन्छ ?

उत्तर :- ....................................................................................................।

२. तपाईको कक्षामा दलित र अन्य दलित विद्यार्थी साथीहरू कति-कति जना छन् ? यदि कम संख्यामा छन् भने किन होला ?

**उत्तरः-** ....................................................................................................।

३. दलित र तपाईको बीचमा शिक्षकको व्यवहार फरक छ वा छैन् ? छ भने कस्तो छ ?

**उत्तरः-** ....................................................................................................।

४. तपाईको अनुभवमा दलित विद्यार्थीहरू र अन्य दलित विद्यार्थीहरूको बीचमाा के फरक छ ?

**उत्तरः-** ....................................................................................................।

**५**. गैर दलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूप्रति कस्तो व्यवहार गरेको पाउनु भएको छ ?

**उत्तरः-**

.................................................................................................... ।

**६**. सार्की दलित बालवालिकाले कक्षा शिक्षण सिकाइमा सक्रियतापूर्वक भाग लिएका हुन्छन् ? वा हुदैनन ?

**उत्तरः-**

.................................................................................................... ।

**७**. शिक्षण सिकाइका लागि आवश्यक सामाग्री सार्की दलित बालवालिकाले लिएर आउँछन वा आउँद्रनन् ?

**उत्तरः-**

.................................................................................................... ।

८. प्राथमिक शिक्षामा सार्की बालवालिकाको सहज रूपमा भर्ना संख्या बढाउन के-के उपायहरू होलान् ?

**उत्तरः-**

.................................................................................................... ।

## अनुसूची : ९

सार्की दलित तथा अन्य दलित अभिभावकसँगको अर्न्तवार्ताको लागि अन्तर्वाता अनुसूची :

उत्तरदाताको नाम : मिति :
ठेगाना : पेशा :
शैक्षिक योग्यता : लिङ्ग :
परिवारको किसिम : परिवार सदस्य संख्या :
विद्यालय जाने केटाकेटीको संख्या :

१. समाजमा छुवाछुतको अवस्था कस्तो छ ? तपाईलाई गैर दलित जातिहरूले कस्तो व्यवहार गर्छन् ? पहिला-पहिला गरिने र हाल आएर गरिने व्यवहारमा फरक पाउनु भएको छ ?

**उत्तरः-** ...............................................................................................................
।

२. तपाईहरूको समुदायमा विद्यालय जाने उमेरका कति केटाकेटी छन् ? के ती सबै नानीहरू विद्यालय जान्छन् ? कति वोडिङ्ग स्कूल जान्छन् ?

**उत्तरः-** ...............................................................................................................
।

३. के तपाईले छोरा र छोरीहरूमा भेद्भाव राख्नु भएको छ ? छ भने किन ?

**उत्तरः-** ...............................................................................................................
।

४. तपाई के पेशामा संलग्न हुनहुन्छ ? आफ्नो पेशाको आम्दानीबाट बालवालिकाको लागि के-केमा खर्च गर्नु हुन्छ ?

**उत्तरः-**

............................................................................................................................. ।

५. छुवाछुत जरैदेखि उखालेर फाल्न के गर्नु पर्ला ?

**उत्तरः-**

............................................................................................................................. ।

६. आफ्ना नानीहरूको पढाइबारेमा बुझ्न विद्यालयमा वर्षमा कति पटक जानुहुन्छ ?

**उत्तरः-**

............................................................................................................................. ।

७. सार्की दलित र अन्य दलित बालवालिकाहरू किन बीचैमा पढाइ छाड्ने गर्छन ? उनीहरूको नियमित उपस्थिति र पढाइ लगातार गर्न के गर्नु पर्ला जस्तो लाग्छ ?

**उत्तरः-**

............................................................................................................................. ।

८. तपाईका नानीहरूप्रति विद्यालयले गरेको व्यवहारमा कतिको सन्तुष्ट हुनुहुन्छ ? के-के कुराले तपाईको नानीहरूको पढाई राम्रो हुन्छ ?

**उत्तरः-**

............................................................................................................................. ।

अनुसूची : १०

गैर दलित अभिभावकहरूका लागि अर्न्तवार्ता :

उत्तरदाताको नाम : मिति :
ठेगाना : पेशा :
शैक्षिक योग्यता : लिङ्ग :
परिवारको किसिम : परिवार सदस्य संख्या :
विद्यालय जाने केटाकेटीको संख्या :

१. तपाईको बिचारमा सार्की दलित र अन्य दलित अभिभावकमा शिक्षाप्रतिको धारणा कस्तो रहेको पाइन्छ ? सार्की बालवालिकाको विद्यालय जाने स्थिति कस्तो छ ?

**उत्तरः-** .......................................................................................................... ।

२. तपाई छुवाछुत प्रथामा कतिको विश्वास गर्नुहुन्छ ?

**उत्तरः-** .......................................................................................................... ।

३. सार्की दलित तथा अन्य दलित बालवालिकाहरूको सिकाइमा प्रभाव पार्ने तत्वहरू के-के होलान् ?

**उत्तरः-** .......................................................................................................... ।

४. तपाईको समाजमा सार्की जातिहरूको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक हैसियत के-कस्तो पाउनु भएको छ ? पहिले र अहिलेमा के-कति परिवर्तन भएको पाउनु भएको छ ?

**उत्तरः-**

.......................................................................................................... ।

५. सार्की दलित तथा अन्य दलित बालवालिकाको विद्यालय छोड्ने दरमा कमी ल्याउन के गर्नुपर्ला जस्तो लाग्छ ?

**उत्तरः-**

.......................................................................................................... ।

६. तपाईको बिचारमा समग्र राष्ट्रको शैक्षिक नीति कस्तो लाग्छ ? के यसले तमाम सार्की दलित र अन्य दलित समेत अनेकतामा एकता ल्याउन सक्छ ?

**उत्तरः-**

.......................................................................................................... ।

७. प्राथमिक विद्यालयमा सार्की दलित र अन्य दलितको पहुँच बृद्धि गर्न के-के गर्नुपर्ला ?

**उत्तरः-**

.......................................................................................................... ।

## अनुसूची : ११

विद्यालय छाडेका सार्की बालवालिकाका लागि अर्न्तर्वाता :

छाडेको विद्यालयको नाम :

नाम :

उमेर :

लिङ्ग :

१. तपाईले कति कक्षासम्म अध्ययन गर्नु भयो ?

**उत्तरः-** ...........................................................................................................

।

२. बीचैमा पढाइ छाड्नु पर्ने कारणहरू के-के थिए ?

**उत्तरः-** ........................................................................................................ ।

३. तपाईको परिवार अन्य दलित र गैर दलित व्यक्तिसँग सम्बन्ध कस्तो छ ?

**उत्तरः-** ........................................................................................................ ।

४. हाल के गरिरहनु भएको छ ?

**उत्तरः-**

.................................................................................................................. ।

५. विद्यालयमा शिक्षक र गैरदलित साथीहरूको व्यवहार कस्तो थियो ?

**उत्तरः-** .......................................................................................................... ।

६. बीचैमा पढाई छोड्दा पछुतो लागेको छैन् ?

**उत्तरः-** ............................................................................................................ ।

७. पढाइ छाडेर भविष्यमा के गर्ने विचार छ ?

**उत्तरः-**

..................................................................................................................... ।

८. विद्यालय छोड्ने सार्की बालवालिकाहरूलाई रोक्न शिक्षक, अभिभावक, समुदाय र सरकारले के-के गर्नुपर्ला जस्तो लाग्छ ?

**उत्तरः-**

..........................................................................................................

# अनुसूची : १२

स्थानीय बुद्धिजीबीहरूको लागि अन्तर्वार्ता :

नाम :

ठेगाना : शैक्षिक योग्यताा :

पेशा :

उमेर :

१. सुरूङ्गा गा.वि.स.मा सार्की समुदायको सामाजिक, शैक्षिक, आर्थिक र सांस्कृति स्थिति कस्तो रहेको पाउनु हुन्छ ?

**उत्तरः-** ..........................................................................................................
।

२. विशेष गरेर सार्की दलित वा अन्य दलित बालवालिकाहरूको विद्यालय भर्ना र पढाई छाड्ने स्थिति कस्तो देख्नु भएको छ ?

**उत्तरः-** ..........................................................................................................
।

३. तपाईको समुदायमा दलितप्रति कस्तो व्यवहार गरिन्छ ?

**उत्तरः-** ..........................................................................................................
।

४. सार्की दलित वा अन्य दलित वर्गमा सकारात्मक शैक्षिक सोचको विकास गर्न के गर्नुपर्ला ?

**उत्तरः-**

.......................................................................................................... ।

५. विद्यालय उमेरका सार्की बालबालिकाहरूलाई शिक्षा प्राप्तिमा प्रभाव पर्ने तत्वहरू के-के हुन् जस्तो लाग्छ ?

**उत्तरः-**

.......................................................................................................... ।

६. सार्की बालवालिकाहरूलाई प्राथमिक तहमा पहुँच/सहभागिता बढाउन कस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने ठान्नु हुन्छ ?

**उत्तरः-**

.......................................................................................................... ।

७. दलितका लागि शैक्षिक पहुँच बढाउन सरकार, समाज, समुदाय, गैर दलित तथा सार्की समुदाय र अन्य दलित समुदायहरूले कस्तो भूमिका खेल्नु पर्ला ?

**उत्तरः-**

.......................................................................................................... ।

# अनुसूची : १३

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग छलफलमा उठाइने प्रश्नहरू :

१. तपाईको विद्यालयमा सार्की बालवालिका र अन्य दलित समुदायका बालवालिकाको सहभागिताको अवस्था के-कस्तो रूपमा रहेको छ ?

**उत्तरः-** ..........................................................................................................
।

२. सार्की बालवालिकाको भर्नादरमा कुन-कुन तत्वहरूले प्रभाव पारेको देख्नु भएको छ ?

**उत्तरः-** ..........................................................................................................
।

३. विद्यालयमा पढाई छाड्ने विद्यार्थीहरूमा सार्की लगायत अन्य दलित विद्यार्थी धेरै मात्रामा पर्ने कारण के होला ?

**उत्तरः-** ..........................................................................................................
।

४. दलित विद्यार्थीका लागि के-कस्ता उत्प्रेरणात्मक कार्यक्रम सञ्चालनमा ल्याउनु भएको छ ?

**उत्तरः-** ................................................................................................. ।

५. सार्की बालवालिका लगायत अन्य दलित बालवालिकाहरूलाई नियमितन विद्यालय आउन सरकारी तवरबाट कस्ता कार्यक्रम प्राप्त भएका छन् ?

**उत्तरः-** ................................................................................................. ।

६. तपाईको विद्यालयमा सार्की दलित लगायत अन्य दलित विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने र स्थिति कस्तो छ ?

**उत्तरः-** ................................................................................................. ।

७. सार्की बालवालिकाहरूको शैक्षिक पहुँच बढाउन अबलम्वन गर्न सकिने उपायहरू के-के हुन हुन सक्छन् ?

**उत्तरः-**

........................................................................................................ ।

## अनुसूची : १४

विद्यालयको नाम :

सार्की दलित, अन्य दलित र गैर दलित विद्यार्थीहरूको कक्षा अवलोकन फारम :

मिति :

अवलोकनकर्ताको नाम :

| क्र.सं. | शैक्षिक क्रियाकलाप | उत्तम | | | मध्यम | | | निम्न | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सार्की दलित संख्या | अन्य दलित संख्या | गैर दलित संख्या | सार्की दलित संख्या | अन्य दलित संख्या | गैर दलित संख्या | सार्की दलित संख्या | अन्य दलित संख्या | गैर दलित संख्या | सार्की दलित संख्या | अन्य दलित संख्या | गैर दलित संख्या |
| १. | गृहकार्य गर्ने | | | | | | | | | | | | |
| २. | कक्षामा ध्यान दिएर सुन्ने | | | | | | | | | | | | |
| ३. | शिक्षकले सोधेका प्रश्नको उत्तर दिने | | | | | | | | | | | | |
| ४. | शिक्षकलाई प्रश्न सोध्ने | | | | | | | | | | | | |
| ५. | साथीहरूसँगको सम्बन्ध | | | | | | | | | | | | |
| ६. | अतिक्ति क्रियाकलाप | | | | | | | | | | | | |
| ७. | अनुशासन | | | | | | | | | | | | |
| ८. | छलफलमा सरिक हुने | | | | | | | | | | | | |
| (= | व्यक्तिगत सरसफाई | | | | | | | | | | | | |

## अनुसूची : १५

## छलफलमा भाग लिएका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा स्थानीय बुद्धिजीवीहरु

### १. श्री सरस्वती मा.वि., सुरुङ्गा-३, जमुनबारी

| व्यवस्थापन समितिः | स्थानीय बुद्धिजीवीः |
|---|---|
| प्रेमप्रसाद अधिकारी : अध्यक्ष | खेमराज सिटौला |
| नेत्रप्रसाद अधिकारी : सदस्य | पुष्पराज गिरी |

### २. श्री देवकोटा प्रा.वि., सुरुङ्गा-७, तुलसीबारी

| | |
|---|---|
| देविप्रसाद ओली : अध्यक्ष | दुर्गाप्रसाद बिमली |
| नेत्रप्रसाद घिमिरे : सदस्य | रुद्रबहादुर श्रेष्ठ |

### ३. श्री जनचेतना नि.मा.वि, सुरुङ्गा-९, टप्पु

| | |
|---|---|
| भीमप्रसाद खरेल : अध्यक्ष | घनश्याम पौड्याल |
| रामप्रसाद बजगाँई : सदस्य | इन्द्रबहादुर श्रेष्ठ |

## अनुसूची : १६

अध्ययनक्षेत्र अन्तर्गत छनौट गरिएका प्रधानअध्यापक र शिक्षकहरु :

१. श्री सरस्वती मा.वि., सुरुङ्गा-३, जमुनबारी

| | |
|---|---|
| तुलसी कार्की | : प्र.अ. |
| सुर्यप्रसाद अधिकारी | : शिक्षक |
| भानुभक्त खतिवडा | : शिक्षक |

२. श्री देवकोटा प्रा.वि., सुरुङ्गा-७, तुलसीबारी

| | |
|---|---|
| बलबहादुर श्रेष्ठ | : प्र.अ. |
| ऐश्वर्य भेट्वाल | : शिक्षिका |
| देवीप्रसाद कडेल | : शिक्षक |

३. श्री जनचेतना नि.मा.वि, सुरुङ्गा-९, टप्पु

| | |
|---|---|
| होमकुमारी कुमाल | : प्र.अ. |
| मदनकुमार उप्रेती | : शिक्षक |
| नवराज ढकाल | : शिक्षक |

# अनुसूची : १७

## अध्ययनरत सम्पूर्ण सार्की दलित, छनौट गरिएका अन्य दलित तथा गैर दलित विद्यार्थीहरु :

| सार्की दलित विद्यार्थीहरु | अन्य दलित विद्यार्थीहरु | गैर दलित विद्यार्थीहरु |
|---|---|---|
| श्री सरस्वती मा.वि. | श्री सरस्वती मा.वि. | श्री सरस्वती मा.वि. |
| १. सुजता मंग्राती<br>२. सविना रोक्का<br>३. बिमल रम्तेल<br>४. पार्वती रम्तेल<br>५. आरती रम्तेल<br>६. सुस्मिता सार्की<br>७. निर्मल रम्तेल | १. अर्जुन सोरेन<br>२. सुनिता मुसहर<br>३. अञ्जु रसाइली<br>४. विशाल दर्जी<br>५. शान्ति दर्जी<br>६. लक्ष्मी वि.क.<br>७. अरुण परियार | १. सोना श्रेष्ठ<br>२. सुमित्रा खड्का<br>३. शंकर माझी<br>४. सीमा भुजेल<br>५. रोजीला कार्की<br>६. सीता भण्डारी<br>७. कमल सिटौला |
| श्री देवकोटा प्रा.वि. | श्री देवकोटा प्रा.वि. | श्री देवकोटा प्रा.वि. |
| १. जुनु विशंखे<br>२. आस्था रम्तेल<br>३. संदिप वयलकोटी<br>४. मिसन मंग्राती<br>५. राधिका रोक्का<br>६. सिर्जना वयलकोटी<br>७. जानुका रोक्का<br>८. डिल्लीमाया सार्की<br>९. अर्जुन रम्तेल<br>१०. पुजा मंग्राती<br>११. अप्सरा मंग्राती<br>१२. मोहन रम्तेल<br>१३. रेखा सार्की | १. रीता सोरेन<br>२. सुष्मा हरिजन<br>३. रुपक मुर्मु<br>४. सीता परियार<br>५. संयोग रणपहेँली<br>६. संचित वि.क.<br>७. आशा त्रिखत्री<br>८. रुपा नेपाली<br>९. बमबहादुर मुसहर<br>१०. संगिता चार<br>११. दीनबन्धु नेपाली<br>१२. सुरक्षा वि.क.<br>१३. शिक्षा दर्जी | १. शमसेर चौहान<br>२. नीता राई<br>३. वर्षा मगर<br>४. रीतेस सेलवाल<br>५. विनायक श्रेष्ठ<br>६. दीपक आचार्य<br>७. बीना कार्की<br>८. सपना काफ्ले<br>९. निङ्वा तामाङ<br>१०. सुमन लिम्बू<br>११. हरि विष्ट<br>१२. महेन्द्र वाग्ले<br>१३. गीता उप्रेती |
| श्री जनचेतना नि.मा.वि. | श्री जनचेतना नि.मा.वि. | श्री जनचेतना नि.मा.वि. |
| १. कविता रम्तेल<br>२. भावना रोक्का<br>३. सन्ध्या रम्तेल<br>४. मनिका पुर्कुटी<br>५. सुरक्षा सार्की<br>६. सुरज पुर्कुटी<br>७. सुजाता सार्की<br>८. सिर्जना सार्की<br>९. नमिता सार्की | १. उज्वल कर्माकार<br>२. करुण मुर्मु<br>३. बादल वि.क.<br>४. गायत्री रसाइली<br>५. विक्रम नेपाली<br>६. अनुषा ठटाल<br>८. अरुण परियार<br>९. दुर्गा सोरेन<br>१०. हिमा लोहार | १. मिलन श्रेष्ठ<br>२. गोपाल कुमाल<br>३. सीता सुवेदी<br>४. सुपेक्षा भट्टराई<br>५. सुजता सेडाई<br>६. धिरेन राई<br>७. सिंह समशेर गुरुङ्ग<br>८. टंक गुरागाई<br>९. सुभास उप्रेती |

# अनुसूची : १८

## छनौट गरिएका अध्ययनरत  सार्की दलित, अन्य दलित तथा गैर दलित विद्यार्थीका अभिभावकहरु :

### सार्की दलित अभिभावक

१. चन्द्रबहादुर मंग्राती

२. निर्मला सार्की

३. टेकबहादुर आछामे

४. खड्गबहादुर वयलकोटी

५. दलबहादुर पुर्कुटी

६. सुभद्रा मंग्राती

### अन्य दलित अभिभावक

१. सुरज रसाइली

२. रुपा परियार

३. भीम विश्वकर्मा

४. चन्द्रमाया नेपाली

५. कृष्णबहादुर परियार

६. फूलमाया वि.क.

### गैर दलित अभिभावक

१. शुशील पोखेल

२. सुष्मा भुजेल

३. भिष्म काफ्ले

४. सौरभ सम्वाहम्फे

५. मोहनप्रसाद खतिवडा

६. सोनालाल पण्डित